# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०१ | काठमाडौं | शनिबार, १७ साउन २०८२ | Prabhab National Daily | Saturday, 02 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


लयमा फर्कियो पर्यटन

## जुलाईमा भित्रिए ७० हजार विदेशी पर्यटक


फाइल तस्बिर

■ प्रभाव संवाददाता

- अघिल्लो वर्षको जुलाई महिनाको तुलनामा ८.७ प्रतिशतले बढी
- सबैभन्दा बढी भारतबाट मात्रै २७ हजार १५२ जना अर्थात् ३८.७ प्रतिशत पर्यटक भित्रिए, दोस्रो स्थानमा चीनबाट छ हजार ८९० जना
- जनवरीदेखि जुलाईसम्मको पहिलो सात महिनामा छ लाख ४७ हजार ८८२ जना विदेशीले भ्रमण गरे नेपाल

**काठमाडौं–** यस वर्षको जुलाई महिनामा नेपालमा कूल ७० हजार १९३ जना विदेशी पर्यटक भित्रिएका छन् । यो संख्या अघिल्लो वर्षको जुलाई महिनाको तुलनामा ८.७ प्रतिशतले बढी हो ।

नेपाल पर्यटन बोर्डका अनुसार महामारीपूर्वको अवस्था सन् २०१९ को अप्रिल महिनासँग तुलना गर्दा जुलाई २०२५ मा नेपालले पर्यटक आगमनमा ९९ प्रतिशत रिकभरी गरेको छ । यसले कोभिडपछिको अवरुद्ध पर्यटन क्षेत्रले पुनः लयमा आएको छ ।

सन् २०२५ को जनवरीदेखि जुलाईसम्मको पहिलो सात महिनामा नेपालमा कूल छ लाख ४७ हजार ८८२ जना विदेशी पर्यटक आगमन भएको छ । जुन महामारीपछिको कुनै पनि वर्षको तुलनामा उच्चतम् आगमन हो । बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले यो संख्याले नेपालको पर्यटन पुनरुत्थान र विश्वभर फेरि एकचोटि लोकप्रिय गन्तव्यका रूपमा स्थापित हुँदै गएको देखाएको बताए ।

जुलाईमा कूल आगमनमध्ये सबैभन्दा बढी भारतबाट मात्रै २७ हजार १५२ जना अर्थात् ३८.७ प्रतिशत पर्यटक आएका छन् । दोस्रो स्थानमा चीनबाट छ हजार ८९० जना क्रमशः पृष्ठ २ मा

## उपनिर्वाचनका लागि दल दर्ताको आह्वान

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी कात्तिक १७ गते रूपन्देही निर्वाचन क्षेत्र नं. ३ मा हुने उपनिर्वाचनका लागि दल दर्ता गर्न सबै राजनीतिक दललाई आह्वान गरेको छ । आयोगले शुक्रबार एक सूचना जारी गर्दै यही साउन २१ देखि २७ गतेसम्म आयोगका केन्द्रीय कार्यालयमा दल दर्ताका लागि निवेदन दिन सकिने जनाएको हो ।

आयोगले यसअघि उपनिर्वाचनका लागि निर्वाचन कार्यतालिका स्वीकृत गरिसकेको छ । आगामी असोज २१ गते बिहान १० देखि ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने र सोही दिन साँझ उम्मेदवारको सूची प्रकाशन हुने छ । असोज २४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ । कात्तिक १७ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन नपाउने आयोगले जनाएको छ ।

# चर्चा वाम ध्रुवीकरणको, तर आन्तरिक कलह सम्हालिनसक्नुको

- माओवादी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाल र उपमहासचिव जनार्दन शर्माबीच मनमुटाव बढ्दो
- एकीकृत समाजवादीमा अध्यक्ष माधव नेपाल र झलनाथ खनालबीच 'वारपार'
- एमालेमा प्रधानमन्त्रीसमेत रहेका केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण रोकिदिएसँगै एकताको चर्चा सामसुम



■ प्रभाव संवाददाता

**काठमाडौं–** सधैंझैं चुनाव नजिकिनुअघि वाम ध्रुवीकरणको चर्चा चल्छ । यसपटक पनि नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत दलहरूबीच एकताको चर्चा सुरु भएको छ ।

वाम एकताका लागि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पहल गर्दै आएका छन् । सत्ताबाट बाहिरिएपछि समाजवादी मोर्चा कसेका दाहालले पछिल्लोपटक उठबस बाक्लो बनाएका छन् । शुक्रबार माओवादीको केन्द्रीय कमिटीमा दाहालले पछिल्लो कसरतबारे 'ब्रिफिङ' गरे ।

उनले एकीकृत समाजवादीसँगको एकता प्रक्रिया सकारात्मक रूपमा अघि बढिसकेको बताए । 'माधवजीसँग दुई चरणको छलफल सकारात्मक भएकोले छिट्टै पार्टी एकता गर्ने विषयमा सकारात्मक भएको छ,' दाहालले स्थायी कमिटीमा भने । नेकपाका नेत्रविक्रम चन्दसँग पनि पार्टी एकताको विषयमा छलफल जारी रहेको माओवादी केन्द्रका उपमहासचिव हरिबोल गजुरेल बताउँछन् ।

### माओवादीमा चुलियो घरझगडा

एकीकृत समाजवादीसँग एकताको प्रयास गरिरहेको माओवादी केन्द्र आफैंभित्रको घरझगडा चुलिएको छ । उपमहासचिवसमेत रहेको जनार्दन शर्माले मंगलबारमात्र नेतृत्वप्रति असन्तुष्टि पोखेका थिए । दलहरू यतिबेला गम्भीर संकटबाट गुज्रेको भन्दै शर्माले पार्टी पुनर्गठनका प्रस्ताव राखेका थिए । 'यतिबेला सिंगै देश, जनता र राजनीतिक पार्टीहरू गम्भीर संकटबाट गुज्रिरहेका छन् । यसको समाधान संविधानको संशोधन, अर्थतन्त्रको पुनर्संरचना र पार्टीको पुनर्गठन नै हो,' शर्माले भनेका थिए ।

शर्माले पछिल्लो समय नेतृत्वको आलोचना गर्दै विशेष महाधिवेशनको माग गर्दै आइरहेका छन् । उनले आगामी महाधिवेशनबाट नेतृत्वमा दाहाललाई चुनौती दिनेगरी अघि बढेपछि माओवादीभित्र अन्तरसंघर्ष चर्किएको हो । उपमहासचिव शर्माले विधिभन्दा बाहिर गएर धारणा राखेको भन्दै दाहालले शुक्रबारको स्थायी कमिटीमा असन्तुष्टि पोखे । 'पार्टीभित्रको कुरा छलफल र बहस गर्न सबैलाई छुट छ । तर, जनार्दनजीले सार्वजनिक रूपमा जुन बोल्नुभयो, त्यो ठीक होइन र यसले राम्रो सन्देश गएको छैन,' दाहालले बैठकमा भनेका थिए । हालै अमेरिका पुगेर फर्केका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि दलमा असन्तुष्टि पोख्दै आएका छन् ।

### एकीकृत समाजवादीमा खनाल-नेपाल 'वाकयुद्ध'

नेकपाबाट फुट्दा झलनाथ खनाल र माधव नेपाल एक भएर बनेको दल हो, एकीकृत समाजवादी । अहिले एकीकृत समाजवादीमा फुटको बेला कतै नलाग्ने भनी स्वतन्त्र बसेका वामदेव गौतम भित्रिएका छन् । उनी भित्रिएसँग पार्टीमा खनाल र नेपालबीच 'वाकयुद्ध' सुरु भएको छ ।

एक टेलिभिजन अन्तर्वार्तामा पूर्वप्रधानमन्त्रीसमेत रहेका खनालले एमाले छाडेकोमा पश्चताप गरेपछि दुई नेताबीच वाकयुद्ध सुरु भएको हो । 'म त अब के भन्न सुरु गरेको छु भने जतिबेला यो पार्टी विद्रोह या विभाजन गरियो नि, त्यो नै गलत रहेछ भन्ने ठाउँमा पुग्दै छु म । नेकपा एमाले भनेको एउटा संस्था हो, जो नेपालको कम्युनिस्ट आन्दोलनको एउटा राम्रो संस्था बनाइएको थियो हामीले । त्यो संस्थालाई त्यतिबेला छोड्ने, विद्रोह गर्ने कुरा गलत थियो,' इमेज टेलिभिजनबाट प्रसारित अन्तर्वार्तामा खनालले भनेका थिए । एकीकृत समाजवादीका अध्यक्ष नेपालले भने यदि खनालले त्यसो भनेको नै हो भने तत्काल पार्टी छाड्न निर्देशन दिएका छन् ।

### समाजवादी मोर्चामै टुटफुट

माओवादी केन्द्र, एकीकृत समाजवादी, तत्कालीन जनता समाजवादी (जसपा) नेपाल र नेत्रविक्रम चन्दको नेकपासहित २०८० असार ४ गते काठमाडौंको राष्ट्रिय सभागृहमा समाजवादी मोर्चा गठन भएको घोषणा गरिएको थियो । २०८१ वैशाखमा जसपा नेपाल विभाजित भएपछि मोर्चाबाट अलग भयो ।

सोही वर्ष साउनमा डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)बाट चोइटिएको महिन्द्र राय यादव समूहमा सामेल भयो । अहिले यादव समूह पनि विभाजन भएर सहअध्यक्ष गंगानारायण श्रेष्ठ समूह माओवादीमा फर्केका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# विदेशी श्रमिकको संख्या घटाउने नीति लिँदै मलेसिया

## सन् २०३० सम्ममा आप्रवासी श्रमिकलाई १० प्रतिशतमा झारिने

■ ममता थापा



काठमाडौं- नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक मलेसियाले विदेशी श्रमिकको संख्या घटाउने नीति लिएको छ । अब प्रतिस्पर्धी तलबसहितको उच्च दक्ष काममा स्थानीय कामदारको सहभागिता बढाउने र विदेशी कामदारहरूमाथिको निर्भरता घटाउनतर्फ सरकार केन्द्रित हुने जनाइएको छ ।

मलेसियाको अर्थ मन्त्रालयले गत बिहीबार १३औं मलेसिया योजना (१३ एमपी) सार्वजनिक गर्दै सन् २०२६ देखि २०३० सम्मको अवधिका लागि गतिशील, प्रतिस्पर्धी र दिगो रोजगारी इकोसिस्टम सिर्जना गर्न श्रमबजार सुधारका योजनाहरू प्रस्तुत गरेको छ । जसअनुसार सन् २०३० सम्ममा कूल आप्रवासी श्रम शक्तिलाई उल्लेखनीयरूपमा घटाएर १० प्रतिशतमा झारिने भनिएको छ । त्यस्तै, सन् २०३५ सम्ममा आप्रवासी श्रमिकलाई पाँच प्रतिशतमा पुऱ्याइने लक्ष्य राखेको छ । सार्वजनिक गरिएको योजनामा उल्लेख भएका सुधारहरू सरकारले लिएको 'मदनी अर्थतन्त्र'को आकांक्षाअनुरूप भएको जनाइएको छ ।

सरकारले २०२६ बाट विदेशी कामदारको क्षेत्रका आधारमा बहुस्तरीय लेबी लागू गर्नेसमेत जनाएको छ । उक्त रकम ट्रस्ट कोषमा प्रवाहित गरिने दस्तावेजमा उल्लेख गरिएको छ । हाल जारी हुँदै आएको 'टेम्पोररी वर्क भिजिट पास'मा कडाइ गरिनुका साथै रोजगारदाता र क्षेत्र परिवर्तन गर्न योग्यताको मापदण्ड लगाइने भएको छ । त्यस्तै, त्यहाँ व्यवसाय गर्न बाधा सिर्जना गरिने र त्यहाँ गएका श्रमिकको कार्याविधि पनि छोटयाइने जनाइएको छ ।

त्यहाँको सरकारले स्थानीय श्रमशक्तिको सहभागिता बढाउन 'एकेडेमी इन इण्डस्ट्री' (एडिआई) जस्ता कार्यक्रम अघि बढाउने भएको छ । जसले विदेशी श्रमिक भित्र्याउनुअघि स्थानीय सहभागितालाई प्राथमिकता दिइने छ ।

### स्थानीय जनशक्ति प्राथमिकतामा

विदेशी कामदारको श्रम स्वीकृति हुनुभन्दा पहिले एडिआई कार्यक्रमका सहभागीहरूको आबद्धता छ/छैन भनेर प्रमाणित गर्न 'क्लियरिङ हाउस'को स्थापना गरिने छ । जसले रिक्त पदपूर्ति गर्न स्थानीय कामदारलाई प्राथमिकता दिइने छ ।

क्रमशः पृष्ठ २ मा




कामपाको 'एक वडा, एक नमूना उद्यम कार्यक्रम'

# उत्पादित सामग्रीको बजारीकरणमा समस्या

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले सञ्चालन गरिरहेको 'एक वडा, एक नमूना उद्यम कार्यक्रम'अन्तर्गत उत्पादित सामग्रीको बजारीकरणमा समस्या देखिएको छ । उक्त कार्यक्रमअन्तर्गत वडाहरूबाट उत्पादन भएका वस्तु तथा सामग्री नयाँ बानेश्वरको एनबी सेन्टरमा प्रदर्शनी तथा बिक्री सुरु गरे पनि उक्त स्थानले मात्र अपुग भएको भन्दै अन्यत्र पनि बजारीकरणका लागि स्थान पहिचानको आवश्यकता माग गरिएको छ ।

कामपा वडा नम्बर ११ की महिला वडा सदस्य आशा श्रेष्ठले वडाले वडाहरूमा सामग्री उत्पादन राम्रोसँग भइरहेको भन्दै उत्पादित सामग्री बेच्नका लागि पर्याप्त स्थान नहुँदा थन्क्याएर राख्नुपरेको बताइन् । विभिन्न किसिमका सामग्री उत्पादन गर्नका लागि तालिम प्रशस्त भए पनि उत्पादन भएका सामग्रीलाई सहज बजारीकरणको व्यवस्था नभएको वडा २७ की दलित महिला सदस्य प्रभा परियारको भनाइ छ ।

कामपाकी उपप्रमुख सुनिता डंगोलको संयोजकत्वमा उक्त कार्यक्रम सञ्चालन हुँदै आएको छ । हाल कामपाको वडा नं १ र ३० को नमूना उद्यम गुन्द्रुक र मस्यौरा हो । वडा नं २ को मस्यौरा र तितौरा, वडा नं ५ को सेरामिक्सका सामान बनाउने, वडा नं ७ को क्रिस्टल तथा पोतेको गहना बनाउने उद्यम नमूना उद्यमका रूपमा छनोट भएको छ ।

वडा नं ८ को दुना टपरी र रुद्राक्षको ढक्की बनाउने, वडा नं ९ को रुद्राक्षको माला र धूप बनाउने, वडा नं १० को मस्यौरा र विभिन्न अचार बनाउने, वडा नं १२ को सुकुल बनाउने, वडा नं १६ को काष्ठकला, वडा नं २१ को कटाँकी मूर्ति कुँद्ने, वडा नं २२ को जुत्ता बनाउने, वडा नं २४ को ब्याग बनाउने र वडा नं ३२ को अचार बनाउने उद्यमलाई नमूनाका रूपमा छानिएको छ ।

गत आर्थिक वर्षमा थालिएका ११ वटा वडाहरू वडा नं ११, १५, १८, १९, २०, २३, २५, २७, २८, २९ र ३१ हुन् । यी वडामा क्रमशः ऊनका सामग्री तयार गर्ने, हाकुपटासी उत्पादन गर्ने, मिठाइका परिकार उत्पादन गर्ने, नेवारी वेशभूषा तयार गर्ने, सचिका धागो, सुर्के थैली र रिबनका फूल बनाउने, ढाकाका कपडा सिलाउने, माटोबाट मखुण्डो तयार गर्ने, बेबीसेट र गाउन सिलाउने, यमरीसहित खाद्यवस्तु उत्पादन उद्यम सञ्चालन गरिएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## चर्चा वाम...

मोर्चाको पहिलो चरणमा एकीकृत समाजवादीका अध्यक्ष नेपाल संयोजक रहेका थिए । पहिलो वर्ष मोर्चाले सातै प्रदेशमा सन्देश सभा गरेर समाजवाद र राष्ट्रिय एजेण्डामाथि बहस गरेको थियो । २०८० फागुनमा नेकपाका महासचिव नेत्रविक्रम चन्द संयोजक भए । उनले मोर्चालाई सक्रियरूपमा अगाडि बढाउन खोजेका थिए ।

तर २०८१ असारमा दाहाल नेतृत्वको सरकार ढलेपछि मोर्चा निष्क्रिय भयो । मोर्चा आबद्ध दलका नेताहरूले नै औचित्यमाथि प्रश्न उठाएपछि माघ १५ गते काठमाडौंमा वृहत् अन्तर्क्रिया राखेको थियो । उक्त कार्यक्रममा सहभागी शीर्ष नेताहरू दाहाल, नेपालबीच नै घोचपेच चलेको थियो ।

### विद्यालाई रोकेपछि एमालेमा सामसुम

पूर्वराष्ट्रपति विद्या भण्डारी राजनीतिमा 'कमब्याक' हुनसाथ वाम एकताको चर्चा थियो । सोहीअनुसार जोडतोडका साथ भण्डारी एमाले पार्टी मुख्यालय च्यासल पुगिन् । साउन ५ गते भण्डारी च्यासल पुग्दा वाम एकताका पक्षधर उत्साही देखिन्थे । त्यसको भोलिपल्टै एमालेले भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णय सार्वजनिक गरेको थियो । त्यसपछि आक्रोशित भण्डारीले साउन ९ गते पत्रकार सम्मेलन गरी कसैलाई लाग्दैमा आफ्नो पार्टी सदस्यता खारेज नहुने दाबी गरिन् । यद्यपि उनलाई प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले रोकेसँगै वाम एकताको चर्चा एमालेमा विस्तारै सेलाउँदै गएको छ ।

■■■

## जुलाईमा...

(९.८ प्रतिशत), तेस्रोमा अमेरिकाबाट छ हजार ६२६ जना (९.४ प्रतिशत), बंगलादेशबाट चार हजार ४१३ जना (६.३ प्रतिशत) र बेलायतबाट तीन हजार ५४७ जना (५.१ प्रतिशत) पर्यटक नेपाल आगमन भएको छ ।

क्षेत्रीय विश्लेषण गर्दा दक्षिण एसियाली मुलुकहरूबाट सबैभन्दा बढी ३३ हजार ७८७ जना (४८.१ प्रतिशत) र छन् अन्य एसियाली मुलुकबाट १३ हजार ५२ जना (१८.६ प्रतिशत), युरोपबाट नौ हजार २९२ जना (१३.२ प्रतिशत), अमेरिकाबाट १२ हजार ७७५ जना (११.१ प्रतिशत), ओसिनिया क्षेत्रबाट एक हजार ८०७ जना (२.६ प्रतिशत), मध्यपूर्वबाट ८२६ जना (१.२ प्रतिशत), अफ्रिकाबाट ३१८ जना (०.५ प्रतिशत) र अन्य क्षेत्रबाट तीन हजार ३२९ जना (४.७ प्रतिशत) पर्यटक आगमन भएको छ । बोर्डका सिइओ जोशीले भने, 'भिजिट नेपाल दशकअन्तर्गत सञ्चालन भइरहेका प्रवर्द्धनात्मक कार्यक्रम, निजी क्षेत्रको लगानी प्रवाह र विविध पर्यटकीय उत्पादनहरूले पछिल्लो समय नेपालमा पर्यटक आकर्षण बढेको छ ।'

■■■

## विदेशी...

त्यहाँका कामदारहरूलाई आकर्षित गर्न कार्यस्थल नजिकै आरामदायी सुविधाहरू दिन आवास सुविधा प्रदान गर्ने योजना बनाइएको छ । उनीहरूको कल्याण र सुरक्षाको सुनिश्चित गर्न सम्बन्धित ऐन र नियमहरूको परिमार्जन गरिने जनाइएको छ । त्यहाँका जनशक्तिलाई आकर्षित गर्न सरकारले कर्मचारी भविष्य कोषमा गरिने योगदानलाई अवकाशपछिका लागि बचत र मासिक पेन्सन गरी दुई प्रकारमा विभाजन गरेको छ ।

अन्य पहलहरूमा सुरक्षित, स्वस्थ र अनुकूल वातावरणमा काम गर्ने अधिकारको सुनिश्चितता गर्न अनौपचारिक क्षेत्रका कामदारहरूका लागि विशेष कानुनको मस्यौदा तयार गरिने भनिएको छ । साथै, कार्यघण्टा बाहिरका दुर्घटनाहरू र कामसँग सम्बन्धित नभएका पेसागत प्रकोपहरूबाट सुरक्षा दिने योजनासमेत बनाइएको छ । केही वर्षयता मलेसियाको श्रमबजारमा सुधार भएको देखिन्छ । सन् २०२४ मा बेरोजगारी दर ३.२ प्रतिशतमा झरेको छ । जबकि सन् २०२० मा ४.५ प्रतिशत थियो । त्यहाँ २०२० मा दक्ष कामदार २९.६ प्रतिशत रहेकोमा २०२४ मा बढेर ३०.२ प्रतिशत पुगेको छ ।

कामदारको तलब सुधार गर्ने प्रयासहरूले पनि सफलता पाएको भनिएको छ । सन् २०२० मा दुई हजार ७६ रिंगेट रहेको औसत तलब बढेर २०२३ मा दुई हजार ६०२ पुगेको जनाइएको छ ।

सन् २०२४ को तथ्यांकअनुसार मलेसियामा २४ लाखभन्दा बढी आप्रवासी श्रमिक छन् । विशेषगरी इण्डोनेसिया, नेपाल, बंगलादेश, फिलिपिन्सलगायतका मुलुकबाट श्रमिक जाने गरेका छन् । मलेसियाले प्रायः जसो त्यहाँका श्रमिकले गर्न नरुचाउने काममा अन्य मुलुकबाट श्रमिक लग्दै आएको बताइन्छ ।

यसअघि मलेसियाको बाह्रौं योजना (२०२१-२०२५)ले विदेशी कामदारहरूको अनुपातलाई कूल राष्ट्रिय श्रमशक्तिको १५ प्रतिशतभन्दा बढीमा नपुऱ्याउने योजना बनाएको थियो । हाल त्यहाँ करिब चार लाखको हाराहारीमा नेपाली श्रमिक कार्यरत रहेको तथ्यांक छ । केही वर्षअघि प्रत्येक वर्ष लाखौंको संख्यामा नेपाली रोजगारीका लागि जाने गरेको मलेसियामा आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार १८७ जनामात्र गएको तथ्यांक छ ।


**बिमालेख हरायो**

मिति २०८२/०२/०८ गते सप्तरीबाट बिराटनगर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : गायत्री कुमारी साह**
**बिमालेख नं.:** २२००१४३५६
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं :** ९८५१००४२३४

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/१७**

यस कम्पनीको मिति २०७९/०५/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रोग्रेसिभ इन्स्टिट्युट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **जे. कन्सल्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०३/२४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जे. कन्सल्ट प्रा.लि.**(प्रा.लि.नं.३८१८८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**मूल्य सूचीको सूचना !**

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०४/१७ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१३५/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

**बिमालेख हरायो**

मिति २०८२/०२/०८ गते सप्तरीबाट बिराटनगर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विकेश साह**
**बिमालेख नं.:** २२००१४५११
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं :** ९८५१००४२३४

**बिमालेख हरायो**

मिति २०८२/०२/०८ गते सप्तरीबाट बिराटनगर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बैजु साह तेली**
**बिमालेख नं.:** २२००१४१७९
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं :** ९८५१००४२३४

**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१७**

यस कम्पनीको मिति २०८२/०३/१५ गतेको साधारण विषेश सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **पिक कन्सल्टिङ्ग (दर्ता नं. २६००६७)** को नाममा रहेको चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **क्याटालिस्ट ग्लोबल पाथवे प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउँछौं ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक १०० साउन १६ गते २०८२ मा प्रकाशित **Fewa Overseas Pvt. Ltd** को **Indo & Noodles Restaurant Company** विज्ञापनमा कम्पनीको Lot No. 328201 तथा **कुवेतमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०४।१५ गते ललितपुर, ललितपुर म.न.पा वडा न. ०४, इमाडोल स्थित सिटिजन बैंक अगाडि सार्वजनिक बाटो छेउमा पार्किङ गरिराखेको रातो, कालो रङ्को 220 CC Pulsar मोटरसाइकल दिनको अन्दाजी १:२५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सबिन्द्र कुमार पाण्डे**
**बाइक नं.: बा.प्र. ०२-०५२ प ११११२**
**च्यासिस नं.: MD2A3EX5RCB80772**
**इन्जिन नं. : DNXCRA 16776**
**ठेगाना : ललितपुर**
**सम्पर्क नं. ९८०३८३५०७६**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/४/१७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १३१ को २१०१.०९ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**वन ठाकुर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ३, मकवानपुर**

**भुलसुधार सम्बन्धमा**

मिति २०८२/०४/१५ गतेका दिन प्रकाशित सूचनाको, **लिलामिका सर्तहरूको बुदा** १ मा, यो सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र पनि ऋणीले कर्जा चुक्तागर्न नआउनु भएमा १६औं दिनमा मेधा वचत तथा ऋण सहकारी संस्था लि.महाराजगञ्ज-३, काठमाडौं मा रहेको कार्यालयमा दिनको १२:०० बजे लिलाम बिक्री कार्य गरिनेछ । सो दिन बिदा पर्नगएमा त्यसको भोलिपल्ट सोहिस्थान र समयमा लिलामबिक्री गरिनेछ, हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**मेधा बचत तथा ऋण सहकारी संस्था लि.**
**महाराजगञ्ज-३, काठमाडौं । फोन नं. ४९५५६७५**


# चितवनमा १५ दिनमा २० जनामा डेंगु संक्रमण

**चितवन–** साउनयता यहाँका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये २० जनामा डेंगुको संक्रमण देखिएको छ । पछिल्लो १५ दिनमा सो संख्यामा डेंगुको संक्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत अंशु पोखरेलका अनुसार ७९८ जनाको परीक्षणका क्रममा उनीहरूमा डेंगुको संक्रमण देखिएको छ । संक्रमितमध्ये १४ जना चितवनका हुन् भने छ जना जिल्लाबाहिरका रहेका छन् । भरतपुर महानगरपालिकाका सात, खैरहनी नगरपालिकाका तीन तथा रत्ननगर र कालिका नगरपालिकाका दुई-दुई जनामा डेंगुको संक्रमण देखिएको हो । संक्रमितमा पाँच पुरुष र नौ महिला रहेका उनले जानकारी दिए ।

वर्षा हुने र घाम लाग्दा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेषगरी साउन, भदौ र असोजमा डेंगुको संक्रमण देखिने गर्दछ । यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । यो लामखुट्टेले प्रायः बिहान र बेलुकाको समयमा टोक्ने जनस्वासथ्य कार्यालयका प्रमुख दिनेश रूपाखेतीले जानकारी दिए ।

यो लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रम, थोत्रा वा पुराना टायर, गमला, कुलरलगायतमा जम्मा भएको सफा पानी, खुल्ला पानीको टयांकी, आदिमा फुल पार्ने गर्दछ । यो रोग लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने, शरीरमा विविरा आउने र रक्तस्राव हुने, उच्च ज्वरो आउनेजस्ता लक्षण देखापर्छ । डेंगु ज्वरोबाट बच्ने मुख्य उपाय लामखुट्टेको टोकाइबाट बच्नु हो । यस्तै आफू बस्ने ठाउँ वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, पुराना टायर आदिमा पानी जम्न दिन हुँदैन । *रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/०३/२२ मा दर्ता भएको **प्रा. लि. नं. ५४३६० को गैडाकोड साईबर एण्ड कम्प्युटर ट्रेडर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शनिबार, १७ साउन, २०८२

| | |
|---|---|
| मेष | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| वृष | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| मिथुन | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| कर्कट | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| सिंह | रोकिएका कम बन्ने नयाँ योजना । |
| कन्या | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| तुला | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| वृश्चिक | नोकरीमा पद प्राप्ति हुनेछ । |
| धनु | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| मकर | महगा सामानतर्फ ध्यान जानेछ । |
| कुम्भ | खानपान र पहिरनमा खर्च हुनेछ । |
| मीन | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ साउन , २०८२ (०२ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.६१ | १३९.२१ |
| युरो | १ को | १६०.२८ | १६०.९८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.०० | १८५.८० |
| स्विस फ्रैन्क | १ को | १७२.१५ | १७२.९० |
| अस्ट्रेलियन डलर | १ को | ९०.२० | ९०.५९ |
| क्यानाडियन डलर | १ को | १००.७७ | १०१.२१ |
| सिङ्गापुर डलर | १ को | १०७.६३ | १०८.१० |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.३२ | १९.४० |
| साउदी अरब रियाल | १ को | ३६.९५ | ३७.११ |
| कतारी रियाल | १ को | ३८.०३ | ३८.१९ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९० |
| मलेसियन रिङेट | १ को | ३२.७३ | ३२.८८ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०० |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.४८ | २१.५७ |
| हङकङ डलर | १ को | १७.६६ | १७.७३ |
| कुवेती दिनार | १ को | ४५३.७० | ४५५.६६ |
| बहराइन दिनार | १ को | ३६७.६८ | ३६९.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बागमती बन्यो 'पूर्णखोप सुनिश्चित' प्रदेश

■ प्रभाव संवाददाता

**भक्तपुर–** बागमती प्रदेश पूर्णखोप दिइएको प्रदेश बनेको छ । शुक्रबार भक्तपुरमा आयोजित विशेष कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्णखोप सुनिश्चितता भएको प्रदेश घोषणा गरेका हुन् ।

बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयद्वारा आयोजित विशेष कार्यक्रममा प्रधानमन्त्री ओलीले १३ जिल्ला र ११९ पालिकाका बालबालिकालाई १५ महिनाको उमेरभित्र पूर्णखोप दिएको सुनिश्चित भएसँगै उक्त घोषणा गरेको मन्त्रालयले जनाएको छ । संघीय सरकारअन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राष्ट्रिय पूर्णखोप समन्वय समितिबाट प्राप्त प्रमाणपत्रका आधारमा बागमती प्रदेशलाई उक्त सफलता प्राप्त भएको हो ।



कार्यक्रममा प्रधानमन्त्री ओलीले खोप समितिको प्रमाणपत्र प्रदेशका स्वास्थ्यमन्त्री किरण थापालाई हस्तान्तरण गरे । सोही अवसरमा उनले स्वास्थ्य क्षेत्रको 'डिजिटल हेल्थ' कार्यक्रमको पनि उद्घाटन गरे ।

प्रधानमन्त्री ओलीले पूर्णखोप घोषणा भएकामा प्रदेशलाई बधाइ दिँदै 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय गन्तव्य प्राप्तिका लागि 'निरोगी नेपाल' अभियान सञ्चालन गरिएको बताए । उनले नेपालमा मानिसका साथै पशुपक्षी र वनस्पति पनि निरोगी हुन् तथा सहर र गाउँ सफा रहून् भन्ने सोचका साथ काम गर्नुपर्नेमा जोड दिए ।

'रोग लाग्न सक्छ तर हामीले रोगका कारण र बाटाहरूलाई बन्द गर्ने प्रयास गर्नुपर्छ । त्यसको एउटा उपाय खोप हो । यो अभियान सफल हुँदै गएकामा म खुसी व्यक्त गर्दछु,' प्रधानमन्त्री ओलीले भने, 'हाम्रो संविधानले स्वास्थ्य सेवालाई मौलिक हकमा समावेश गरेको छ । उक्त हक प्राप्तिको दिशामा खोप अभियान सार्थक भएको छ । २०८३ सालमा हामी विकासशील मुलुकमा स्तरोन्नति हुँदै छौं । त्यसका लागि पनि यो अभियान महत्त्वपूर्ण सावित भएको छ । यस्ता अभियान सञ्चालनमा हामीले अब अरू प्रदेशलाई पनि प्रेरित गर्नुपर्दछ ।'

प्रधानमन्त्री ओलीले खोप अभियानका क्रममा उत्कृष्ट कर्मचारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान गरे । प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले स्वास्थ्य क्षेत्रको निरन्तर खटाइबाट पूर्णखोप अभियान सफल भएको बताए ।

# हुलाक टिकट यो वर्षबाटै सुरक्षण मुद्रण केन्द्रले छाप्ने

■ प्रभाव संवाददाता

काठमाडौं- सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यस वर्षदेखि हुलाक टिकट सञ्चार मन्त्रालयअन्तर्गत प्रकाशन गरिने बताएका छन् । हुलाक सेवा विभागले प्रकाशन गरेको नयाँ १४ वटा टिकटका आवरणमा शुक्रबार टाँचा लगाउँदै सञ्चारमन्त्री गुरुङले यस्तो बताएका हुन् ।

विभागले अहिलेसम्म जनक शिक्षा सामग्रीमार्फत टिकट प्रकाशन गर्दै आएको भए पनि अब मन्त्रालयले नै छाप्ने तयारी भएको उनले बताए । बैंकको नोटबाहेक अरु आवश्यक राष्ट्रिय कागजात मन्त्रालयअन्तर्गतको सुरक्षण मुद्रण केन्द्रले प्रकाशन गर्ने सञ्चारमन्त्री गुरुङले बताए । उनले कार्यक्रममा हुलाक टिकटमार्फत मुलुकको कला, संस्कृति, इतिहास र रैथाने परम्परा तथा बालीनाली संरक्षण जरुरी रहेको बताए ।

विभागले ल्याएको नयाँ टिकटमा नेपालका जात्राअन्तर्गत विस्केट, हाँडीगाउँ, गाईजात्रा, मन्दिरमा बालकुमारी मन्दिर (ठेचो ललितपुर), सप्त देवल (दैलेख), कोटदेवि मन्दिर (चाँगुनारायण, भक्तपुर), भीमसेन मन्दिर (गोरखा), बैतेश्वर महादेव मन्दिर (दोलखा), नेपालका प्राचीन प्रस्तर मूर्तिअन्तर्गत भगवान् विष्णु कौडेना सर्लाही,



बाह्रौं/तेह्रौं शताब्दी र श्रीस्वस्थानीको प्रस्तर मूर्ति काठमाडौं, त्यसैगरी, नेपालका शिक्षाविद्अन्तर्गत ई. कुलरत्न तुलाधर, शंकरदेव पन्त र पं ऋषिराम पन्थी गरी १४ टिकट रहेका छन् ।

कार्यक्रममा विभागले प्रकाशनमा ल्याएको पुस्तक नेपाल हुलाक टिकट (वि.सं. १९३५-२०८२) पनि लोकार्पण गरिएको थियो । उक्त पुस्तकमा हुलाक घर नाम भएदेखि सुरु गरिएको १९३५ सालदेखि २०८२ सालसम्म प्रकाशन भएका हुलाकका टिकटको विवरण उल्लेख छ । विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले हुलाक मुलुकको इतिहास स्मरण गराउने एउटा सुन्दर दस्तावेज बन्दै आएको बताइन् । उनले देशविदेशमा प्रचार गर्ने र पर्यटन प्रवर्द्धनमा हुलाकको भूमिका प्रभावकारी बनाउन आफू प्रयत्नशील रहेको जानकारी दिइन् ।

# मुलुकलाई लागुऔषधमुक्त बनाउने अभियानलाई प्रभावकारी बनाउन गृहमन्त्रीको आग्रह




**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले मुलुकलाई लागुऔषधमुक्त बनाउनेगरी प्रभावकारी ढंगले काम गर्न आवश्यक रहेको बताएका छन् । कोटेश्वरस्थित लागुऔषध नियन्त्रण ब्युरो कार्यालय निरीक्षणका क्रममा गृहमन्त्री लेखकले लागुऔषधको उत्पादन, भण्डार र प्रयोग ठूलो चुनौतीका रूपमा देखिएको बताए ।

'लागुऔषध प्रयोगले सडक दुर्घटना, आत्महत्या र साइबर अपराध बढाउँछ । हामीले एक वर्षमा लागुऔषधविरुद्धको महाअभियान लागू गरेका थियौं । त्यो अभियान सार्थक भएको छ,' उनले भने, 'यो अभियानमा आमनागरिकसहित सबैको सहकार्य आवश्यक छ ।'

विगत वर्षमाभन्दा पछिल्लो एक वर्षमा लागुऔषध नियन्त्रणमा प्रगति भएको उनले उल्लेख गरे । 'आगामी दिनमा थप प्रभावकारी ढंगले यो चुनौतीको सामना गर्ने गरी अगाडि बढ्नुपर्छ । स्रोतसाधनको कमी भएपनि धेरै काम गर्न सक्यौं । त्यो यो एक वर्षमा देखिएको छ,' गृहमन्त्री लेखकले भने । लागुऔषधको बिगबिगी देखिएको भन्दै यसविरुद्धको अभियानमा सरकार सशक्त भएर लाग्ने उनले बताए ।

'युवामा यसको लत देखिएको छ । देशको भविष्य जोडिएको युवाशक्ति लागुऔषधमा फसेको छ,' गृहमन्त्री लेखकले भने, 'लागुऔषधविरुद्धको महाअभियानले परिणाम ल्याएको छ । लागुऔषध अपराधमा संलग्नलाई कारबाही गरेर मात्र पुग्दैन । लागुऔषधविरुद्ध अभियान चलाउन आवश्यक छ । यो प्रहरीको मात्र होइन । सबै नागरिकको जिम्मेवारी हो ।'

गृहमन्त्री लेखकले लागुऔषध ब्युरोलाई विभागकै रूपमा विकास गरिने बताए । 'ब्युरोलाई विभागका रूपमा विकास गर्ने प्रतिबद्धता जनाएको छ । मन्त्रालयबाट हुने सहयोग हुन्छ,' उनले भने । लागुऔषध ब्युरोलाई विभागका रूपमा विकास गर्न तयारी अगाडि बढाउन प्रहरी महानिरीक्षक दिपक थापासहित प्रहरी प्रधान कार्यालयलाई उनले निर्देशन दिए ।

प्रहरी महानिरीक्षक थापाले लागुऔषध ब्युरोलाई विभागका रूपमा विकास गर्ने गृहमन्त्री लेखकको प्रस्ताव सराहनीय रहेको बताए । उनले लामो समयदेखि नेपाल प्रहरी लागुऔषध नियन्त्रणमा मुलुकभर सक्रिय रहेको जानकारी दिए । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रकुवेर खापुङ, लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालालगायतकोसमेत सो अवसरमा उपस्थिति रहेको थियो ।

# पाटन अस्पताललाई स्तरोन्नति गरिने

**काठमाडौं (प्रस)–** ललितपुरको पाटन विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित पाटन अस्पताललाई स्तरोन्नति गरिने भएको छ । हाल ६०० शयचामा सञ्चालित उक्त अस्पताललाई एक हजार २०० शयचामा सञ्चालन गर्ने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनसम्बन्धी रायसुझाव संकलन गर्ने काम भइरहेको छ ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव धीरेन्द्रकुमार प्रधानको अध्यक्षतामा शुक्रबार बसेको बैठकले नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारलाई वातावरणीय प्रभावको हिसाबले सम्पन्न गर्नुपर्ने सुझाव दिएको छ । बैठकमा सहसचिव प्रधानले पाटन अस्पतालको महत्त्व दिन प्रतिदिन बढ्दै गएकाले यसलाई सबै हिसाबले समयमै सम्पन्न गर्न लाग्नुपर्ने बताए । ललितपुर महानगरपालिका-५ मा ५२ रोपनी क्षेत्रफलमा फैलिएको उक्त अस्पतालले हाल ६०० शयचामार्फत बिरामीलाई सेवा प्रदान गर्दै आएको छ । मन्त्रालयका उपसचिव एवं रायसुझाव समितिका सदस्यसचिव रमेशबहादुर बस्नेतले आधुनिक एवं वातावरणमैत्री संरचना निर्माणलाई प्रतिवेदनले उच्च प्राथमिकता दिनुपर्ने उल्लेख गरे ।

पाटन विज्ञान प्रतिष्ठानका रजिस्ट्रार प्राडा पारसकुमार आचार्यले बिरामीको बढ्दो चापलाई हेरेर अस्पतालको क्षमता वृद्धि गर्न लागिएको बताए । अस्पतालले हाल दैनिक दुई हजार बिरामीलाई ओपिडी र ६०० बिरामीलाई भर्ना गरेर उपचार गर्दै आइरहेको छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अध्ययन गरिरहेको नेपाल रुलर एण्ड एडभान्समेन्ट कमिटी प्रालि (एनआरएसी) का प्रमुख डा. ज्योतिप्रसाद गजुरेलले डबल बेसमेन्टसहित आठतले अत्याधुनिक अस्पताल वातावरणमैत्री हुने बताए । उक्त अस्पतालको फोहोर व्यवस्थापन, ट्राफिक व्यवस्थापन, वातावरणमैत्री संरचनालगायत क्षेत्रमा अध्ययन गरिएको थियो । करिब १० अर्ब लागतमा बन्न लागेको नयाँ अस्पताल भवनमा भविष्यमा सबै किसिमका बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य छ ।

# विद्यालय शिक्षा ऐनमा निजी विद्यालयको विषय सम्बोधन गर्न माग

**काठमाडौं (प्रस)–** राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (नेसनल प्याब्सन)ले विद्यालय शिक्षा ऐनको प्रस्तावित विधेयक यथाशीघ्र जारी गर्न माग गरेको छ । नेसनल प्याब्सनले शुक्रबार पत्रकार सम्मेलन गरी विद्यालय शिक्षा ऐनको प्रस्तावित विधेयक दूर दृष्टिकासाथ समयसापेक्षरूपमा परिमार्जित गरी जारी गर्न माग गरेको हो ।

संविधानको अवधारणाअनुसार समुन्नत नेपालको मूल आधार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताको मर्म, उद्देश्य तथा लक्ष्यअनुरूप विद्यालय शिक्षा ऐन विभेदरहित रूपमा निर्माण गर्न आग्रह गर्दै नेसनल प्याब्सनले कानुनबमोजिम हालसम्म कम्पनीअन्तर्गत रहेका निजी विद्यालयलाई कम्पनी ऐनअन्तर्गत नै सञ्चालन हुने व्यवस्था गर्न माग गरेको छ ।

पत्रकार सम्मेलनमा नेसनल प्याब्सनका अध्यक्ष सुवास न्यौपानेले कम्पनी ऐनको प्रकृति र उद्देश्यअनुरूप कम्पनी ऐनअन्तर्गत सञ्चालित विद्यालय गैरनाफामूलक बन्न नसक्ने कुरालाई स्पष्टरूपमा ऐनमा उल्लेख गर्न आग्रह गरे । उनले छात्रवृत्तिको समान अवसरबाट सबै तहमा नेपाली बालबालिका वञ्चित रहन नपरोस् भन्दै निजी विद्यालयलाई अनियमित हिसाबले थोपर्न खोजिएको १५ प्रतिशत पूर्णछात्रवृत्तिको व्यवस्था हटाई न्यायोचित छात्रवृत्तिको व्यवस्था गर्न माग गरे ।

विद्यालय शिक्षाको विश्व-परिवेशलाई अध्ययन गर्दा राज्यकोषबाट सञ्चालन हुने विद्यालयबाहेकका अन्य निजी विद्यालय निःशुल्क बन्न नसक्ने यथार्थतालाई गम्भीरताकासाथ समीक्षा गर्न आग्रह गरिएको छ । नेसनल प्याब्सनले शिक्षा, नीति तथा कानुन निर्माणमा निजी क्षेत्रको सहभागिता अनिवार्य र सुनिश्चित गर्न सरोकारवालाको ध्यानाकर्षण गराएको छ ।

नेसनल प्याब्सनका अनुसार नेपालमा विद्यालय तहको ३४ प्रतिशत हिस्सा ओगटेको निजी शैक्षिक संस्थामा आज आठ खर्ब रूपैयाँभन्दा बढी लगानी रहेको छ । दुई लाखभन्दा बढी शिक्षक-कर्मचारीमा ५५ प्रतिशत महिलालाई रोजगारीको अवसर प्रदान गरिरहेको एनप्याब्सन आबद्ध विद्यालयमा करिब ३० लाख विद्यार्थी अध्ययनरत रहेको बताइन्छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/४/१७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१।०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९० को ८६०.६७ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालिदेवी सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ११, मकवानपुर**

**युएइमा रोजगार** — कम्पनी : AL WAFA FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/१२/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०४/१६ | LT. No. 301766 | चलानी नं. ६०२१६७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 30 | 800 | ३०,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६

**कुवेतमा रोजगार** — कम्पनी : ALMOHRA STYLE FACTORY FOR READY-TO-WEAR CLOTHES PRODUCTION

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१६ | LT. No. 315355 | चलानी नं. ६०२२९६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration | 0 | 3 | 150 | ६८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 150 | ६८,६४५ | | | | | | | |
| 3 | Hand Embroiderer | 15 | 0 | 150 | ६८,६४५ | | | | | | | |
| 4 | Tailor | 15 | 0 | 150 | ६८,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : HATEM JARALLAH AL-MALIKI TRADING COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 328314 | चलानी नं. ६०२४२१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 12 | 0 | 1800 | ६७,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २५ गते (10th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम इजाजत नं. ३५९/०५९/०६०

**साउदीमा रोजगार** — कम्पनी : GLOBAL LEADERS COMPANY FOR MAINTENANCE AND CLEANING

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१६ | LT. No. 322392 | चलानी नं.६०२३६५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1200 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९

**साउदीमा रोजगार** — कम्पनी : IWAN HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 328272 | चलानी नं.६०२४२१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 25 | 0 | 1000 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 328271 | चलानी नं.६०२४२१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 25 | 0 | 1000 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**
Old Baneshwor-9, Bhimsengola, Kathmandu, Landline No : 01-4586367, 4586366, Mob: 9810003423/970-4414954
E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

**युएइमा रोजगार** — कम्पनी : SKY TECH GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328231 | चलानी नं. ६०२४२१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 4 | 0 | 1500 | ५७,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fabricator | 2 | 0 | 1500 | ५७,२०५ | | | | | | | |

कम्पनी : S V T J INTERIOR DESINGN L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०४/१६ | LT. No. 328262 | चलानी नं. ६०२४२१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 13 | 0 | 1500 | ५७,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## कोदोको प्रवर्द्धन

# खाद्य सुरक्षादेखि स्वास्थ्यसम्मको यात्रा

कोदोले विश्वव्यापी खाद्य सुरक्षा चुनौतीहरु कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने क्षमता राख्छ । यसको पोषण मूल्य, दिगोपन र लचिलोपनले साना किसानहरु र ग्रामीण समुदायका लागि एक आशाजनक बालीको विकल्प दिन्छ । कोदो उत्पादन र उपभोगमा ठूलो लगानीले किसानहरूको जीविकोपार्जन सुधार गर्न र थप दिगो र लचिलो खाद्य प्रणालीमा योगदान पुऱ्याउन सक्छ ।

कोदोको दिगो, स्वस्थ र लचिलो बालीको रूपमा उल्लेखनीय सम्भावना छ । विश्वले खाद्य सुरक्षा, पोषण र जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न चुनौतीहरूको सामना गरिरहेको बेला, कोदोले किसान र उपभोक्ता दुवैलाई फाइदा पुऱ्याउने समाधान प्रदान गर्न सक्छ । निरन्तर अनुसन्धान र लगानीको साथ, कोदोले सबैका लागि स्वस्थ र दिगो भविष्य सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।



डा. केदार कार्की

कोदो वार्षिक अन्न घाँसको समूह हो, जुन सानो बीउ हुन्छ र विकासशील देशहरूमा, विशेषगरी एसिया र अफ्रिकामा व्यापकरूपमा खेती गरिन्छ । कोदोमा अत्यधिक पौष्टिक तत्व हुन्छ । हजारौं वर्षदेखि मुख्य खानाको रूपमा प्रयोग हुँदै आएको कोदोले विश्वभरका लाखौं मानिसहरूलाई कार्बोहाइड्रेट, प्रोटिन र आवश्यक सूक्ष्म पोषक तत्वहरूको स्रोत प्रदान गर्दछ । यसको पौष्टिक र कृषि गुणहरूलाई ध्यानमा राख्दै, कोदोलाई विश्वव्यापी खाद्य सुरक्षा चुनौतीहरूको सम्भावित समाधानको रूपमा पहिचान गरिएको छ । कोदोले मानव र जनावर दुवैका लागि खानाको स्रोतको रूपमा काम गर्न सक्छ, र रोटी, दलिया र बियरसहित विभिन्न खाद्य उत्पादनहरूमा प्रयोग गर्न सकिन्छ ।

कोदो सानो स्तरको खेतीलाई समर्थन गर्न र किसानहरूको आय बढाउन मद्दत गर्न पनि प्रयोग गर्न सकिन्छ । कोदो उब्जाउन र फसल काट्न अपेक्षाकृत सजिलो छ र सीमित स्रोतहरू वा प्रतिकूल बढ्दो अवस्थाका कारण अन्य बालीहरूमा पहुँच नहुन सक्ने किसानहरूका लागि आयको भरपर्दो स्रोत बन्न सक्छ । कोदोमा खडेरीको उच्च प्रतिरोध क्षमता हुन्छ र लामो समयसम्म भण्डारण गर्न सकिन्छ । खाद्यबालीको रूपमा यसको सम्भावनाको अतिरिक्त वातावरणीय दिगोपन प्रवर्द्धनमा पनि भूमिका खेल्न सक्छ ।

कोदोलाई अन्य बालीहरूको तुलनामा कम पानी र कम संख्यामा कीटनाशकहरू चाहिन्छ । माटोको स्वास्थ्य प्रवर्द्धन गर्न र माटोको क्षय रोक्न प्रयोग गर्न सकिन्छ । हालका वर्षहरूमा कोदोले विश्वव्यापी खाद्य सुरक्षा चुनौतीहरूको सम्भावित समाधानको रूपमा बढ्दो ध्यान प्राप्त गरेको छ । तिनीहरू खडेरी सहनशील छन् र कमजोर माटोमा उब्जाउन सक्छन्, जसले गर्दा तिनीहरूलाई जलवायु परिवर्तनजस्ता वातावरणीय तनावहरू सामना गर्न सक्ने लचिलो बाली बनाउँछ । कोदो उत्पादन गर्न पनि अपेक्षाकृत सस्तो छ, जसले गर्दा तिनीहरूलाई कम आय भएका जनसंख्याका लागि किफायती खाद्य स्रोत बनाउँछ ।

खाद्य र जीविकोपार्जन सुरक्षामा कोदोले महत्त्वपूर्ण भूमिका खेल्छ, विशेषगरी सीमान्त र सुक्खा क्षेत्रहरूमा । कोदो अत्यधिक पौष्टिक र लचिलो बाली हो, जसले गहुँ र धानजस्ता अन्य अन्नहरूको दिगो विकल्प प्रदान गर्दछ, विशेषगरी जलवायु परिवर्तनको सामना गर्दा । कोदो खेतीलाई प्रवर्द्धन गर्नाले खाद्य सुरक्षा बढाउन, किसानहरूको जीविकोपार्जन सुधार गर्न र वातावरणीय दिगोपनमा योगदान पुग्ने छ ।

कोदो एक प्रकारको अन्न हो जुन विश्वका धेरै भागहरूमा लोकप्रिय रूपमा खपत गरिन्छ र अफ्रिका र एसियामा यो मुख्य खाना हो । विश्व खाद्य कार्यक्रमका अनुसार, अनुमानित १.२ अर्ब मानिसले आफ्नो आहारको भागको रूपमा कोदो उपभोग गर्छन् । विश्वमा कोदोको अधिकांश उत्पादन अफ्रिकामा हुन्छ, त्यसपछि एसिया आउँछ । कोदोलाई विभिन्न नामले चिनिन्छ, जस्तैः मोटा अनाज, पोषक अनाज, मोटो अनाज र गरिबहरूको अनाज । नामहरूको यस सूचीमा पछिल्लो थपिएको नाम हो, ‘श्री अन्न- सबै अन्नकी आमा ।’ नेपालको सन्दर्भमा कोदो मुख्य खाद्यान्नबालीहरूमध्ये चौथो नम्बरमा पर्ने बाली पर्दछ ।

हाम्रो देशको तराईदेखि तीन हजार मिटरको उचाइसम्म उत्पादन हुने यो बाली पौष्टिकता र पर्यावरणीय हिसाबले निकै महत्त्वपूर्ण मान्न सकिन्छ । नेपाली जनजीवनमा ‘कु अन्न’को उपाधि पाएको कोदो गरिबको भिटामिनको रूपमा पनि लिन सकिन्छ । तर पछिल्लो समयमा पत्रु खानाका कारण स्वास्थ्यमा आएको खराबी र यसको औषधीय गुणको महत्त्व थाहा पाएपछि भने सम्भ्रान्त वर्गको रोजाइमा पनि कोदोका परिकारहरू पर्न थालेका छन् । मैथलीमा मडुवा र नेवारीमा डुसीको नामले चिनिने कोदो गुरुङ, मगर, तामाङ, राई, लिम्बूहरूको संस्कृतिसँग पनि अन्तरसम्बन्धित छ । पूर्वीय राई-लिम्बूहरूको जुनसुकै चाडपर्व वा धार्मिक संस्कारहरूमा कोदोको जाँड रक्सी अनिवार्य छ । यसैगरी गुरुङ समुदायमा पनि मृत्युपछि गरिने संस्कारमा कोदोको रक्सी अनिवार्य छ । त्यसैले उनीहरू खाद्य सुरक्षा र संस्कृतिको जगेर्नाका खातिर पनि कोदोको खेती गर्ने र लामो समयसम्म भण्डारण गर्ने गर्दछन् ।

यसैगरी कोदो खेतीले वर्षाको भेलबाट माटो संरक्षण गरी पर्यावरणीय सुरक्षामा दिएको योगदान र अधिकांश आदिवासी जनजातिहरूको मौलिक संस्कृतिसँग जोडिएको छ । उच्च पहाडमा जेठदेखि असार, मध्य पहाडमा असारदेखि साउन, तराई र भित्री मधेसमा साउनदेखि भदौ दोस्रो हप्तासम्म यसको खेती हुने गर्दछ । सरकारले प्रत्येक वर्षको साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाउने निर्णय गरेको छ । कोदोको अन्तर्राष्ट्रिय वर्ष संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनद्वारा खाद्यबालीको रूपमा कोदोको महत्त्वबारेमा जागरूकता जगाउन, यो बालीको उत्पादन र उपभोगलाई प्रोत्साहित गर्न एक विश्वव्यापी पहल हो ।

कोदो पौष्टिक रूपमा धनी र खडेरी सहनशील बोटबिरुवाहरूको समूहमा पर्छ । प्रायः भारतको सुक्खा र अर्धसुक्खा क्षेत्रहरूमा पाइन्छ । कोदोले भारतको आर्थिक सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्छ । सन् २०१८ मा भारतले कोदोलाई ‘पोषक-अनाज’ घोषित गऱ्यो र गरिबहरूमा कुपोषण र सूक्ष्म पोषक तत्वको कमीलाई कम गर्ने प्रयासमा ‘पोषण अभियान’मा तिनीहरूलाई परिचय गरायो । कोदोमा यो जोडले उत्पादन बढायो ।

नेपालमा शताब्दीयौंदेखि कोदो मुख्य खाना हो, तर वर्षौंदेखि यसको मागमा कमी भइरहेको छ । चामल, गहुँ र अन्य प्रशोधित खानाको बढ्दो मागका कारण तिनीहरूले खानाको स्रोतको रूपमा महत्त्व गुमाउँदै गएका छन् । ज्वार (ज्वार), बाजरा (मोती कोदो) र रागी (औंला कोदो) तीन मुख्य कोदो बाली हुन् जुन हाल नेपालमा उब्जाउ गरिन्छ । नेपाल यसले कोदो, कुटकी, चेन्ना र सानवा, मडुवाजस्ता विभिन्न प्रकारका स्वदेशी, जैविकरूपमा विविध ‘साना बाजरा’ पनि उत्पादन गर्छ ।

### खाद्य सुरक्षा

बाजरा भारतमा मुख्य खाद्यबालीहरूको समूह हो र खाद्य सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्छ, विशेषगरी ग्रामीण र गरिब जनसंख्याका लागि । बाजरा अत्यधिक पौष्टिक हुन्छ र कठोर हावापानीको कारणले गर्दा अन्य बालीहरू सजिलै उब्जाउन नसकिने क्षेत्रहरूमा मानिसहरूलाई खाद्य सुरक्षा प्रदान गर्न सक्षम हुन्छ । तिनीहरू कडा र खडेरी प्रतिरोधी हुन्छन् र सीमान्त माटो र कम वर्षा भएका क्षेत्रहरूमा उब्जाउन सकिन्छ, जसले गर्दा तिनीहरूलाई चुनौतीपूर्ण वातावरणीय परिस्थितिहरूमा पनि खाद्यको भरपर्दो स्रोत बनाउँछ र त्यस्ता क्षेत्रका किसानहरूका लागि आदर्श हुन्छ । थप रूपमा बाजरा लामो समयसम्म भण्डारण गर्न पनि सक्षम हुन्छ, जुन अभावको समयमा खाद्य सुरक्षाका लागि महत्त्वपूर्ण छ । समग्रमा बाजरा भारतमा खाद्य सुरक्षाको एक महत्त्वपूर्ण घटक हो र तिनीहरूको पुनरुत्थानले देशको कृषि क्षेत्रको दिगो विकासमा योगदान पुऱ्याउन सक्छ ।

कोरोना भाइरस (कोभिड-१९) महामारी, हालैको आर्थिक मन्दी र युक्रेन-रूस युद्धका कारण हालैका समयमा विश्वव्यापी समुदायले खाद्य सुरक्षामा धेरै चुनौती र खतराहरूको सामना गर्नु परेको छ । खाद्य आपूर्ति शृंखलामा अवरोध, अत्यावश्यक वस्तुको अभाव, बढ्दो मूल्य र कमजोर जनसंख्यामा पर्ने प्रभावको चिन्ताले गर्दा यस समयमा खाद्य सुरक्षा गम्भीर समस्या हो । किसानहरूले उत्पादन गर्ने बालीहरूको विविधीकरण र एउटै बालीमा निर्भरता हटाएर यी महत्त्वपूर्ण समयमा खाद्य सुरक्षाको सुरक्षा गर्न कोदो अत्यन्त महत्त्वपूर्ण हुन सक्छ । यसले एउटा बाली असफल भएमा वैकल्पिक खाद्य स्रोतहरू छन् भनी सुनिश्चित गरेर खाद्य सुरक्षा बढाउन मद्दत गर्न सक्छ ।

कोदो अत्यधिक पौष्टिक तत्वयुक्त भएकोले विश्वका धेरै क्षेत्रहरूमा व्याप्त कुपोषणको समस्यालाई सम्बोधन गर्न मद्दत गर्न सक्छ । कोदो कडा र किफायती हुन्छ । न्यूनतम लगानीमा उब्जाउन सकिन्छ, जसले साना किसानहरूका लागि आयको स्रोत प्रदान गर्न सक्छ । आर्थिक मन्दीको समयमा उनीहरूको आर्थिक अवस्था सुधार गर्न मद्दत गर्न सक्छ । कोदो खडेरी प्रतिरोधी पनि हुन्छ, जसले गर्दा जलवायु परिवर्तनको प्रभावको सामना गर्न यसलाई उत्कृष्ट विकल्पको रूपमा लिन सकिन्छ । यसले चरम मौसमी घटनाहरूमा पनि किसान र स्थानीयहरूसँग पर्याप्त खाना हुने ग्यारेन्टी दिन्छ । बढ्दो रोजगारी, घट्दो घरायसी आम्दानी र बढ्दो खाद्य मूल्यका कारण आर्थिक मन्दीले जनसंख्यालाई कमजोर बनाउँछ । कोदो स्थानीय रूपमा उपलब्ध र कम लागतको खाद्य स्रोत भएकाले यो अभूतपूर्व वा कमजोर समयमा धेरै सान्दर्भिक हुन्छ ।

### दिगो कृषि

अन्य बालीहरूको तुलनामा कोदोको खेतीलाई कम पानी चाहिन्छ, जसले गर्दा पानीको अभाव भएका क्षेत्रहरूका लागि यो आदर्श हुन्छ । कोदो विभिन्न प्रकारका पारिस्थितिक अवस्थाहरूमा अत्यधिक अनुकूल हुन्छ, जुन वर्षामा भर पर्ने, शुष्क हावापानीमा राम्रोसँग फस्टाउँछ ।

क्रमशः पृष्ठ ५ मा

## पहिला बाध्यताको आहारा, अहिले हुने खानेको रोजाइमा



वासुदेव पौडेल/गण्डकी

स्वास्थ्यका लागि बहुपोषण एवं औषधिजन्य गुण रहेको कोदोको माग बढ्दो रहे पनि त्यसअनुसार उत्पादन भने हुन सकेको छैन । कृषिको राष्ट्रिय तथ्यांकअनुसार धान, मकै, गहुँपछि चौथो बढी उत्पादन हुने अन्नमा कोदो पर्दछ । पोखरामा भने यो धान र मकैपछि बढी उत्पादन हुन्छ ।

तीन दशकअघिसम्म पोखरा र आसपासका क्षेत्रमा भान्सामा कोदोको ढिँडो खाएर बाहिर हात चुठ्न आउँदा पनि कसैले देख्छन् कि भनेर सोच्नुपर्ने अवस्था थियो । त्यस समयमा कोदो समाजमा हेला गरिएको अन्नमा पर्दथ्यो । तर अहिले समय बदलिएको छ, होटल रेस्टुरेन्टमा मात्र हैन घरमा ढिँडो पकाएर खाने चलन बढेको छ ।

तीन दशककै अन्तरालमा कोदोप्रतिको धारणा एकाएक परिवर्तन भएको अगुवा कृषक रमेश आचार्य बताउँछन् । पछिल्लो समयमा विशेषगरी पाखाबारीमा कोदो लगाउने क्रम बढेको भए पनि पर्याप्त जनशक्ति नहुँदा यसको खेती अपेक्षित विस्तार भने हुन नसकेको उनले जानकारी दिए । अन्य अन्नभन्दा कोदोको खेती गर्न श्रम र लगानी बढी खर्च हुने भए पनि कृषकले यसको उचित मूल्य पाउन नसकेको आचार्यले बताए ।

वर्षौंसम्म राख्दा पनि नबिग्रने कोदो विशेषगरी पहाडी क्षेत्रमा उत्पादन हुने अन्न हो । मानिसको शरीरमा आवश्यक पर्ने ‘प्रोटिन’को मात्रा अत्यधिक हुने कोदोका साथै कोदोजन्य बालीका रूपमा कागुनो, धानकोदो, जुनेलो, बाजरा, सामा र चिनु रहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिए । कोदोजन्य बालीमा पर्ने यिनीहरूलाई कोदाका सात भाइ पनि भन्ने गरिएको छ । पछिल्लो समयमा कृषिप्रतिको बढ्दो अनिच्छा र बसाइँसराइसँगै यो खेती गर्ने क्रम बर्सेनि घट्दै गएको छ ।

स्वास्थ्यका लागि बहुपोषण एवं औषधिजन्य गुण रहेको कोदोको माग बढ्दो रहे पनि त्यसअनुसार उत्पादन भने हुन सकेको छैन । उनका अनुसार कृषिको राष्ट्रिय तथ्यांकअनुसार धान, मकै, गहुँपछि चौथो बढी उत्पादन हुने अन्नमा कोदो पर्दछ । पोखरामा भने यो धान र मकैपछि बढी उत्पादन हुन्छ । पोखरामा कूल तीन हजार ८१५ हेक्टर क्षेत्रफलमा कोदो लगाउने गरिएको जानकारी दिँदै प्रमुख कडरियाले यहाँको वार्षिक उत्पादन चार हजार ५०० टन रहेको बताए । ‘कोदो उत्पादनमा कृषकलाई आकर्षित गर्ने उद्देश्यका साथ पोखरा महानगरपालिकाले कोदोको प्रतिकिलो ९० रूपैयाँ न्यूनतम समर्थन मूल्य तोकेको छ,’ उनले भने ।

सरकारले यसै वर्षदेखि प्रत्येक वर्षको साउन १६ गते राष्ट्रिय कोदो दिवस मनाउन सुरु गरेको छ । ‘कोदोजन्य परिकारको आहारः खाद्य सुरक्षा र स्वास्थ्य जीवनको आधार’ नाराका साथ देशभरि राष्ट्रिय कोदो दिवस मनाइएको छ । पोखरा महानगरपालिकाले लिबर्ड र वडास्तरीय कृषि सञ्जालसँगको सहकार्यमा पोखरामा प्रथम राष्ट्रिय कोदो दिवस मनाएको छ ।

राष्ट्रिय कोदो दिवसकै अवसरमा शुक्रबार कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकमा प्रथम कोदो रोपाइँ महोत्सव गरिएको नेपाल उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष बोबरजंग गुरुङले जानकारी दिए । महोत्सवका अवसरमा कोदो रोपाइँ प्रतियोगितासहित विभिन्न कार्यक्रम गरिएको उनले बताए । महोत्सवले कोदो खेतीको प्रवर्द्धनसँगै सर्वसाधारणलाई यसतर्फ आकर्षित गराउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

विशेषगरी पहाडी क्षेत्रमा साउनको पहिलो सातातिर मकै भाँचेपछि सर्वसाधारणले कोदो रोप्ने गर्दछन् । विगतमा कोदो रोपाइँका कारण चापाचाप हुने गाउँबस्तीका अधिकांश बारी यतिखेर बाँझै छन् । कोदो खेती कम पानीमा पनि हुने, मकैलगायत अन्तरबालीका रूपमा पनि लगाउन सकिने र बाँदरजन्य समस्याबाट पनि कम क्षति हुने भएकाले यसको उत्पादनलाई महानगरपालिकाले जोड दिएको शाखाप्रमुख कडरियाको भनाइ छ ।

विशेषतः मधुमेहजस्ता रोगका बिरामीलाई पनि खान हुने भएकाले बजारमा कोदोको अत्यधिक माग हुने गरेको छ । मानिसका लागि अत्यावश्यक आइरन र अन्य भिटामिन कोदोमा पाइन्छ । विशेषतः आइरन चक्की खाने गर्भवतीका लागि कोदोको परिकार बहुउपयोगी मानिन्छ । कोदोबाट रोटी, ढिँडो, पुवाजस्ता परिकार बनाउने गरिन्छ भने यसबाट घरेलु मदिरा पनि बनाउने गरिन्छ । कोदोखेतीको सम्भावनालाई उजागर गर्दै यसबाट स्थानीयवासीको आजआर्जन बढाउन कास्कीको अन्नपूर्ण गाउँपालिकाले कोदोको उत्पादनमा जोड दिँदै यहाँका होटेल तथा रेस्टुरेन्टको मेनुमा अनिवार्य कोदोको परिकार समावेश गर्ने योजना अघि बढाइसकेको छ ।

गाउँपालिकाले गर्दै आएको कोदो महोत्सवमा कोदोको सेलरोटी, सुक्खारोटी, मःमःलगायत २५ भन्दा बढी परिकार बनाएर खुवाउने गरिन्छ । पोखरा महानगरपालिकासहित कास्कीका सबै पालिकाका साथै आसपासका स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, पर्वत, बागलुङ, म्याग्दीलगायतका जिल्ला कोदो उत्पादन बढ्दै गएपछि पछिल्ला वर्षमा उत्पादन भने घट्दो रहेको बताइएको छ । कोदो खेती कम हुन थालेसँगै यसका विभिन्न प्रजाति पनि लोप हुँदै गएका छन् ।


विगतमा कास्की र आसपासमा दूधे काले, कुकुर काने, ठूलो कोदो, ज्याउदी खोले, देउराली काले, माझठाने, चुल्ठे, कालो डल्ले, सम्धी, सेतो झ्यापे, सिर्कुताने, हुम्ला डल्लेजस्ता विभिन्न प्रजातिका पाउने गरिएकामा ती प्रजाति लोप हुँदै गएको कृषकहरू बताउँछन् । कोदो खेतीप्रतिको आकर्षण बढाउन सकेमा यो मानवीय स्वास्थ्यका बहुउपयोगी हुनाका साथै खाद्यान्न उत्पादनमा आत्मनिर्भरता बढाउने कडरिया बताउँछन् । *रासस*

# म्याग्दीका ३३८ घरमा खानेपानी सुविधा विस्तार

म्याग्दी (प्रस)- मालिका गाउँपालिका-२ मा यस वर्ष निर्माण भएका तीन वटा खानेपानी आयोजनाबाट ३३८ परिवार लाभान्वित भएका छन् । नेपाल स्वास्थ्यका लागि पानी (नेवा) र मालिका गाउँपालिकाको आर्थिक एवं प्राविधिक सहयोग तथा उपभोक्ताहरूको श्रमदानमा खवाङ शेरेधारा, धुल्वाङ र घाङलेपानी खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना निर्माण भएको हो ।

कूल एक करोड ७१ लाख ७१ हजार रूपैयाँको लागतमा निर्माण भएका योजनाबाट ३३८ वटा धाराबाट घरघरमा खानेपानी वितरण गरिएको मालिका गाउँपालिका-२ का वडाध्यक्ष उदयकुमार बुढाथोकीले बताए । खानेपानी योजना निर्माणमा नेवाले ८० लाख ७० हजार रूपैयाँ र मालिका गाउँपालिकाले ४२ लाख ९१ हजार रूपैयाँ लगानी गरेका छन् भने उपभोक्ताहरूले ४७ लाख नौ हजार रूपैयाँबराबरको श्रमदान गरेका थिए ।

मालिका गाउँपालिकाको १, २ र ३ नम्बर वडामा आर्थिक वर्ष २०८१/८२ मा सातवटा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण भएका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताए । वडा नम्बर १ निस्कोटमा १२५ र वडा नं. ३ को डाडागाउँ, किटेनी, औल, सराग्दी, स्यागलुङ २२५ घरपरिवार, पाल्लेका १२२ र लुम्पीपारका ५३ परिवार लाभान्वित भएका उनले बताए ।



**पर्यटकीय मार्फा गाउँ** | मुस्ताङको घरपझोङ गाउँपालिका-२ मा अवस्थित मुस्ताङ जिल्लाकै प्रमुख पर्यटकीयस्थल मार्फा गाउँ र आसपासका क्षेत्र । *तस्बिरः सुशीलबाबू थकाली/रासस*

पृष्ठ ४ बाट क्रमशः

तर पहाडी, कम उर्वरता, सुख्खा, वर्षामा भर पर्ने र आदिवासी समुदायका क्षेत्रहरूमा पनि उब्जाउन सकिन्छ । यसलाई कम श्रम-गहन खेती चाहिन्छ, छोटो खेती चक्र हुन्छ र माटोका लागि लाभदायक हुन्छ । कम लगानीको कारणले गर्दा कोदो किसानहरूका लागि दीर्घकालीन आयको स्रोत बन्न सक्छ ।

कोदोलाई चाराको रूपमा पनि प्रयोग गरिन्छ, जसले यसलाई अझ बढी खेती कुशल बनाउँछ । मल र कीटनाशकजस्ता कम इनपुटहरू पनि चाहिन्छ, जसले यसको उत्पादनलाई अझ दिगो र वातावरणमैत्री बनाउँछ । कोदोको प्रवर्द्धनले कार्बन फुटप्रिन्टमा कमी ल्याउन योगदान पुऱ्याउन सक्छ, यसलाई वातावरणीयरूपमा सचेत खाद्य विकल्प बनाउ सकिन्छ । द्रुत गतिमा परिवर्तन भइरहेको विश्वव्यापी जलवायुमा भोकमरीसँग लड्न र जलवायु-प्रतिरोधी कृषि-खाद्य प्रणालीहरू निर्माण गर्नका लागि कोदो विश्वको दिगो खाद्य स्रोतको जवाफ हो ।

## कोदोबाट पाइने स्वास्थ्य लाभ

नेपालमा धेरै प्रकारका कोदो उब्जाउ गरिन्छ, प्रत्येकको आफ्नै अद्वितीय पोषण प्रोफाइल छ । गहुँ र चामलभन्दा स्वदेशी नेपाली कोदो पौष्टिक रूपमा उत्कृष्ट हुन्छ किनभने कोदो ग्लुटेन-मुक्त हुन्छन् र फाइबर, खनिजहरू (फलाम, जिंक, फोलेट, फस्फोरस, तामा, क्याल्सियम, आदि), भिटामिन र एन्टिअक्सिडेन्टहरूमा धनी हुन्छन् जसले गर्दा सेलियाक रोग र ग्लुटेन असहिष्णुता भएका मानिसहरूका लागि उपयोगी हुन्छ । कोदोमा उत्कृष्ट सूक्ष्म पोषक तत्वहरू छन् र जैविकरूपमा सक्रिय फ्लेभोनोइड्समा धनी हुन्छ । जस कारण टाइप-२ मधुमेह मेलिटस भएका मानिसहरूका लागि पनि लाभदायक हुन्छ । किनभने कोदोमा कम ग्लाइसेमिक इण्डेक्स हुन्छ, जसले रगतमा चिनी नियन्त्रण गर्न मद्दत गर्दछ ।

कोदो मुटुरोग भएका मानिसहरूका लागि पनि लाभदायक हुन्छ किनभने यसमा म्याग्नेसियम हुन्छ, जसले हाइपरलिपिडेमिया कम गर्न मद्दत गर्दछ । यसले हृदय रोगको जोखिम कम गर्दछ । कोदोले तौल घटाउन र रक्तचाप घटाउन पनि मद्दत गर्छ । नेपालमा हामी सामान्यतया कोदोसँग गेडागुडीहरू खान्छौं, जसले प्रोटिनको पारस्परिक पूरक सिर्जना गर्दछ, एमिनो एसिड बढाउँछ, र प्रोटिनको समग्र पाचन क्षमता बढाउँछ ।

## निष्कर्षः

कोदोले विश्वव्यापी खाद्य सुरक्षा चुनौतीहरू कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने क्षमता राख्छ । यसको पोषण मूल्य, दिगोपन र लचिलोपनले साना किसानहरू र ग्रामीण समुदायका लागि एक आशाजनक बालीको विकल्प दिन्छ । कोदो उत्पादन र उपभोगमा ठूलो लगानीले किसानहरूको जीविकोपार्जन सुधार गर्न र थप दिगो र लचिलो खाद्य प्रणालीमा योगदान पुऱ्याउन सक्छ ।

कोदोको दिगो, स्वस्थ र लचिलो बालीको रूपमा उल्लेखनीय सम्भावना छ । विश्वले खाद्य सुरक्षा, पोषण र जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न चुनौतीहरूको सामना गरिरहेको बेला, कोदोले किसान र उपभोक्ता दुवैलाई फाइदा पुऱ्याउने समाधान प्रदान गर्न सक्छ । निरन्तर अनुसन्धान र लगानीको साथ, कोदोले सबैका लागि स्वस्थ र दिगो भविष्य सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

खाद्य सुरक्षा सुधार गर्न, दिगो कृषि प्रवर्द्धन गर्न र स्वास्थ्य परिणामहरू सुधार गर्न कोदोको प्रवर्द्धन महत्त्वपूर्ण छ । कोदो व्यापक रूपमा उपलब्ध छ र यसको उपभोगलाई प्रवर्द्धन गरिएको छ भनी सुनिश्चित गर्न सरकार र सम्बन्धित सरोकारवालाहरूले मिलेर काम गर्न आवश्यक छ । यसले नेपाली खाद्य शृंखला प्रणालीमा कोदोको महत्त्व बढाउन मद्दत गर्ने छ, जसले गर्दा मानिसहरू र वातावरणको स्वास्थ्य र कल्याणमा योगदान पुग्ने छ ।

# वृक्षरोपणमा चासो, संरक्षणमा उदासीनता

■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** जिल्लामा हरेक वर्ष लाखौं बिरुवा वन क्षेत्र, निजी जग्गा र बाँझो जग्गामा रोपिन्छन् । तर वन क्षेत्रको सघनता र विस्तारमा उल्लेख्य वृद्धि भने हुनसकेको छैन । डिभिजन वन कार्यालयका अनुसार गएको असारमा मात्र चार लाख ५० हजार बिरुवा उत्पादन गरी वितरण गरिएको छ ।

त्यसभन्दा अघिल्ला वर्षहरूमा पनि नर्सरीमा बिरुवा उत्पादन गरी वितरण गर्ने कार्य गरिएको थियो । प्रत्येक वर्ष लाखौं रूपैयाँ खर्च गरी बिरुवा उत्पादन गरी वितरण हुन्छन् तर संरक्षणको अभावमा बिरुवा हुर्कन नपाउँदै मर्ने गरेका छन् । वनजंगलमा डढेलो, खुला चरिचरन र मानवीय लापरवाहीका कारण बिरुवा हुर्कन नपाउँदै मर्ने गरेको वन संरक्षणकर्मीको भनाइ छ ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी सुवास कुँवर वृक्षरोपणपछिको व्यवस्थापन पक्ष कमजोर भएकाले उद्देश्य पूरा हुन नसकेको बताउँछन् । 'बिरुवा रोप्ने त हो, तर त्यसपछि कसैले हेर्दैन,' उनले भने, 'न सिँचाइ, न जाली घेराबारा, न त निगरानी नै हुन्छ ।' कुँवरका अनुसार नेपालमा अझै 'छिटो प्रतिफल दिने बिरुवा' रोप्ने प्रवृत्ति छ, जुन दीर्घकालीन वन विकास दृष्टिकोणबाट कमजोर मानिन्छ ।

'तीन-पाँच महिनाका साना बिरुवा रोपिन्छन्, भारत र चीनले दुई-तीन वर्ष उमेरका बिरुवा रोप्छन्, त्यसैले उनीहरूको सफलताको दर ९० प्रतिशत हुन्छ,' उनले भने, 'वनलाई अतिक्रमण र हस्तक्षेपबाट जोगाउने हो भने वृक्षरोपण नगरे पनि प्राकृतिकरूपमै हुने पुनः उत्पादनले वन विकास हुन्छ । खाली चौर तथा बगरमा वृक्षरोपण गर्दा राम्रै हुन्छ ।'

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्ले पनि वृक्षरोपणबारे प्राविधिक ज्ञानको अभाव देख्छन् । 'बिरुवा रोप्दा माटोको प्रकृति, प्रजातिको अनुकूलता, सिजन आदि विचार गरिँदैन,' वाग्लेले भने, 'यसबाहेक रोपेपछि संरक्षण, सिँचाइ र मलजल नगर्ने हो भने पनि वृक्षरोपण अभियानले सार्थकता पाउँदैन ।'



बिरुवा रोप्नेबारे प्राविधिक ज्ञान नहुँदा वृक्षरोपण अभियान आशातीत रूपमा सफल हुन नसक्नुको मुख्य कारण भएको उनी बताउँछन् । 'वृक्षरोपण गर्ने भनेर जथाभावी रूपमा बिरुवा रोपिन्छन्, बिरुवा रोप्ने तरिका थाहा हुँदैन,' उनले भने, 'माटोको अवस्था विश्लेषण गरेर त्यसअनुसारका प्रजातिको बिरुवामात्र रोप्नुपर्छ ।' बिरुवा रोपिसकेपछि संरक्षणमा जोड दिनुपर्ने उनको भनाइ छ । 'बिरुवालाई संरक्षणसँगै समय-समयमा सिँचाइ पनि गर्नुपर्छ,' उनले भने, 'त्यसो गर्न सकिएमा मात्र वृक्षरोपणको कार्यले सफता पाउँछ ।'

सामुदायिक वन समन्वय समितिका अध्यक्ष महेशदत्त जोशी वृक्षरोपणको कार्य प्रत्येक वर्ष हुँदै आए पनि विभिन्न कारण रोपेका सबै बिरुवा नबाँच्ने गरेको बताउँछन् । 'रोपेका सबै बिरुवा त बाँच्दैनन्,' उनले भने, '५०-६० प्रतिशत बिरुवा हुर्कियो भने पनि उपलब्धि नै हुन्छ ।' सामुदायिक वन समन्वय समितिले निजी जग्गा र बजर क्षेत्रमा वृक्षरोपणलाई जोड दिइरहेको उनको भनाइ छ ।

वृक्षरोपणसँगै वन क्षेत्रमा चरिचरन, आगलागी र अतिक्रमण रोक्न सकेमा बिरुवा पुनः उत्पादन प्रभावकारी हुने उनी बताउँछन् । विजय सालका बिरुवा पुनः उत्पादनलाई प्राथमिकता दिएको उल्लेख गर्दै उनले यस कार्यमा सफल भएको बताए ।

समन्वय समितिसँग आबद्ध वनहरूमा विजयसालका पुनः उत्पादन भएका वनहरू देख्न सकिनेमा उनी जोड दिन्छन् । जोशीका अनुसार वृक्षरोपणसँगै अब बिरुवा पुनः उत्पादन (नर्सरीबिना उम्रने बिरुवा) प्रविधिमा पनि जोड दिनुपर्ने आवश्यकता छ । 'स्थानीय जातका माउ रुख सुरक्षित गरौं,' उनले भने, 'त्यसबाट आफैं उम्रिने बिरुवा संरक्षण गर्न सकियो भने वन आफैं बढ्छ ।'

दीर्घकालीनरूपमा सोचेर बहुवर्षे प्रजातिका बिरुवा उत्पादन, रोपणपछि संरक्षण, निगरानी तथा समुदायमा जनचेतना फैलाउने अभियान सञ्चालन गरिएमा मात्र वृक्षरोपण सफल हुने उनी बताउँछन् ।

सुदूरपश्चिम प्रदेशका वन निर्देशक हेमराज विष्ट वृक्षरोपण कार्यक्रम पूर्णरूपमा असफल भने नभएको बताउँछन् । 'असफल भने भएको होइन, सोचेजति सफल पनि हुनसकेको छैन,' उनले भने, 'विगतका वर्षहरूको तुलनामा वनमाथिको निर्भरता कम हुँदै गएको छ । स्थानीय बासिन्दाले निजी जग्गामा गर्ने वृक्षरोपणले दाउरा, घाँसपातका लागि वनमाथि नै पहिले निर्भर हुनुपर्दथ्यो, हाल वनमाथिको निर्भरता निकै घटेको पाइएको छ ।'

बिरुवा रोपेरमात्र नपुग्ने भएकाले हुर्काउन सकेनौं भने लगानी खेर जाने उनी बताउँछन् । उनका अनुसार नर्सरीबाट बिरुवा ल्याउने तरिका, खाल्डोको गहिराइ, रोप्ने विधि, संरक्षण विधि, सिँचाइ, घेराबार, मलजल, रोगकीराबाट जोगाउने उपायबारे उपभोक्ता जानकार नहुँदा वृक्षरोपणले सफलता प्राप्त गर्न कठिन हुन्छ । *रासस*

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/४/१७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१।०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १२२ को १२५९.८० घनफिट काठ र साल जातको दाउरा १.१५ चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - ११, मकवानपुर**

**साउदीमा रोजगार** कम्पनी : ALKHARJ ROAD EXIT 9 AFTER POWER PLANT KINGDOM O

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328276 | चलानी नं. ६०२४२१५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1500 | ५६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २७ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम इजाजत नं. ९७१/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : WHITE ART COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328305 | चलानी नं. ६०२४२१३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 10 | 0 | 1000 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 628/063/64
**REAL RESOURCE MANAGEMENT PVT. LTD.**
Basundhara -3 (Near Liberty School), Kathmandu, Nepal, Tel: 01-01-5901005/ 015924417
E-mail : realresourcea111@gmail.com

**कतार/कुवेतमा रोजगार** कम्पनी : I CITY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328202 | चलानी नं.६०२४२१४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 5 | 0 | 1350 | ५२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BABYON GENTS HEALTH INSTITUTE CO.

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328204 | चलानी नं.६०२४२१४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spa Therapist | 3 | 0 | 150 | ६८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAIR ZONE LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328203 | चलानी नं.६०२४२१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist/hair Dresser | 0 | 2 | 150 | ६८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 2 | 150 | ६८,६४५ | | | | | | | |
| 3 | Manicurist/pedicurist | 0 | 2 | 150 | ६८,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**युएइमा रोजगार** कम्पनी : AL TAREEQ AL MUMTAZ GENERAL TRANSPORTING — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८०/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 293139 | चलानी नं. ६०२०८५६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk | 2 | 0 | 2200 | ८३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Driver | 20 | 0 | 1800 | ६८,६४५ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 25 | 0 | 1800 | ६८,६४५ | | | | | | | |
| 4 | Light Vehicle Driver | 20 | 0 | 1500 | ५७,२०० | | | | | | | |
| 5 | Shovel Operation Driver | 5 | 0 | 1600 | ६१,०१५ | | | | | | | |
| 6 | Vehicle Mechanic | 3 | 0 | 1900 | ७२,४५५ | | | | | | | |

कम्पनी : MARTEX FURNITURE AND DECOR FACTORY LLC — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328284 | चलानी नं. ६०२४२१६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 2 | 0 | 1500 | ५७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter Grade A | 2 | 0 | 2200 | ८३,८९५ | | | | | | | |
| 3 | Helper | 4 | 0 | 1000 | ३८,१३५ | | | | | | | |
| 4 | Spray Painter | 2 | 0 | 2000 | ७६,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २४ गते (9th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-1041130
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

# प्रभाव दैनिक


रूपशाला

## 'जारी २' का तीन पोस्टर सार्वजनिक

कवि उपेन्द्र सुब्बा निर्देशित हिट चलचित्र 'जारी'को सिक्वेल 'जारी २' असोज ३ गतेदेखि प्रदर्शनमा आउने भएको छ। निर्माण पक्षले शुक्रबार चलचित्रको एकसाथ तीन पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो। सार्वजनिक तीन पोस्टरमा चलचित्रका मुख्य कलाकार दयाहाङ राई र मिरूना मगरलाई मात्र प्रस्तुत गरिएको छ। दुवै पोस्टरमा उनीहरू प्रफुल्लित मुद्रामा देखिएका छन्। तीन वटै पोस्टरले लिम्बु समुदाय र उनीहरूको संस्कृति फिल्मले प्रस्तुत गर्ने अनुमान गर्न सकिन्छ। उपेन्द्र सुब्बाको निर्देशन रहेको चलचित्र बाँसुरी फिल्मस र कबड्डी फिल्मसको ब्यानरमा निर्माण भएको हो। चलचित्रका निर्माता रामबाबु गुरूङ हुन्।





शनिबार, १७ साउन, २०८२ (Saturday, 02 August 2025)


# 'मोहर'को वियोगान्त गीतमा पोखियो पल, नीति र बेनिशाको पीडा

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउनको २३ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'मोहर'को नयाँ गीत 'सपना हो की विपना हो कि जिन्दगी' सार्वजनिक भएको छ। थानेश्वर गौतम र शान्ती श्री परियारको स्वर रहेको यो गीतमा प्रभा बर्तौलाको शब्द, थानेश्वर गौतमकै सङ्गीत छ।

गीतका शब्दहरू कर्णप्रिय छन्। यो गीतले फिल्मका पात्रहरूको वियोगान्त कथा बोलेको छ। फिल्म मेकर्स प्रा.लिको व्यानरमा निर्माण भएको यो फिल्मका निर्माता चुम्बन जंग शाही हुन्। फिल्मलाई ओम प्रतिकले लेखन तथा निर्देशन गरेका हुन्।




फिल्ममा पल शाह, अर्जुन जंग शाही, बेनिशा हमाल, नीति शाह, मिथिला शर्मा, रविन्द्र झा, लक्ष्मी गिरी, मिस पबी, सुशील देवकोटा, लक्ष्मीनाथ तिमिल्सिना, सिद्धार्थ सिंह, दत्त पण्डित, गीता थापा, नविन खतिवडा, अर्जुन आचार्य लगायतका कलाकारहरूको मुख्य भूमिका छ। फिल्ममा बाल-कलाकारको रूपमा सारा शर्माले अभिनय गरेकी छिन्।

दीपेन बस्न्यातको डीओपी रहेको फिल्ममा भूपेन्द्र अधिकारीको सम्पादन, सुरेश अधिकारी, थानेश्वर गौतम, एसडी योगीको सङ्गीत, समीर मियाको भीएफएक्स छ। कुमार महर्जनको एक्सन रहेको फिल्ममा रामजी लामिछाने र कविराज गहतराजको कोरियोग्राफी छ। गिरिराज घिमिरे मुख्य सहायक निर्देशन रहेको फिल्मको ट्रेलर र २ गीतले दर्शकको ध्यान खिचिसकेको छ।

# 'मिरमिरे' आगामी माघमा प्रदर्शनमा आउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** यम शेर्पाद्वारा निर्देशित चलचित्र 'मिरमिरे' आगामी माघ १ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण पक्षले चलचित्रकी नायिका सिर्जना निङलेखुको जन्मदिन सेलिब्रेटी गर्दै प्रदर्शन मिति घोषणा गरेको हो।

वितरकसँगको सल्लाह अनुसार चलचित्रको प्रदर्शन मिति माघ १ गते तोकिएको निर्देशक शेर्पाले जानकारी दिए।अहिले चलचित्रको छायाङ्कन मकवानपुरको चित्लाङमा भइरहेको छ। असार २१ गतेबाट छायाङ्कन सुरु भएको चलचित्रको सुटिङ अझै केही साता चल्नेछ।



यार्सा फिल्मसको प्रस्तुति रहेको चलचित्रमा दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निङलेखुको मुख्य भूमिका छ।चलचित्रमा माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा र बाल-कलाकारमा शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेलको अभिनय देख्न सकिन्छ।

'मिरमिरे'को निर्देशनसँगै स्टोरी पनि यम स्वयंले लेखेका हुन्। चलचित्रका छायाङ्कार आलोक शुक्ला हुन्।

चलचित्रमा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको 'मिरमिरे'का सह-निर्मातामा गोविन्द बोहरा, सुदिप कुँवर छन्। चलचित्रको कार्यकारी निर्मातामा आरआर फिल्मसका सञ्चालक समेत रहेका वितरक रोहित कट्टेल रहेका छन्। विरेन्द्र शाही लाइन प्रोड्युसर रहेको चलचित्र कट्टेलसहित रत्न श्रेष्ठले वितरण गर्नेछन्।

# नीताको 'सुख दु:ख'मा मिथिलापछि मदनकृष्णको इन्ट्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री तथा निर्मात्री नीता ढुंगाना अधिकारीको निर्देशनमा बन्न लागेको फिल्म 'सुख दु:ख'मा मदनकृष्ण श्रेष्ठ अनुबन्ध भएका छन्। उनलाई शुक्रबार निर्माण पक्षले फिल्मको महत्वपुर्ण भुमिकाको लागि अनुबन्ध गरेको हो।

फिल्ममा अनुबन्ध भएपछि कलाकार श्रेष्ठले आफुलाई फिल्मको कथा मन परेको कारण अभिनय गर्न राजी भएको बताए। मदनकृष्णलाई फिल्ममा अनुबन्ध गरेपछि निर्देशक नीता निकै उत्साहित देखिइन्।

उनले भनिन्,'फिल्मको स्क्रिप्ट सुनाउँदा उहाँ भावुक हुनुभयो। स्क्रिप्टलाई उहाँले मन पराएपछि अभिनय गर्नका लागि उत्साहित देखिनुभयो।'

गत आइतबार निर्माण पक्षले कलाकार मिथिला शर्मालाई अनुबन्ध गरेको थियो। मदन र मिथिला बाहेक फिल्मको मुख्य कलाकार को रहने हुन् निर्माण पक्षले खुलाएको छैन।

यसअघि यो फिल्मको छायांकनका लागि चर्चित भारतीय छायाँकार कवीरलाल र शाहिदलाल अनुबन्धित भइसकेका छन्। नीता ढुंगानाको डेब्यु निर्देशन रहने फिल्ममा फिल्मको निर्माण व्यवस्थापनको जिम्मा शंकर पाण्डेले पाएका छन्।

'नीता फिल्म्स'को ब्यानरमा बन्न लागेको यो फिल्म आगामी वर्ष दसैंको फूलपातीका अवसरमा प्रदर्शनमा ल्याउने योजना निर्माण पक्षको छ। यो फिल्मको वितरण अधिकार उपत्यकाबाहिर एफडी कम्पनीले लिएको छ भने उपत्यकाभित्र रिच इन्टरटेनमेन्टले पाएको छ।

रंगशाला

# पलेशालाई एसियाली पारा तेक्वान्दो च्याम्पियनसिपमा कास्य पदक



■ प्रभाव संवाददाता

**काठमाडौं–** पलेशा गोवर्धनले १०औं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेकी छन्। मलेसियाको कुचिङमा भएको उक्त प्रतियोगितामा पेरिस पारालिम्पिककी ऐतिहासिक कास्य पदकधारी पलेशाले के-४४ विधाअन्तर्गत महिला ५७ किलोमुनिको तौल समूहमा उज्वेकिस्तानकी जुरेवा कमोलालाई पराजित गरी कास्य पदक प्राप्त गरेकी प्रशिक्षक कविराज नेगी लामाले जानकारी दिए।

मलेसियामा जुलाइ २४ देखि अगष्त १ तारिखसम्म भएको सो प्रतियोगितामा नेपालबाट पुरुष ५८ किलोमुनिको तौल समूहमा भरतसिंह महता र ६३ किलोमुनिको तौल समूहमा अमिर भ्लोन तथा महिला ४७ किलोमुनिको तौल समूहमा कामना प्रसाईं र रेणु तामाङले प्रतिस्पर्धा गरेका थिए। उक्त टोलीको व्यवस्थापकमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य रामचन्द्र श्रेष्ठ रहेका थिए।

# ब्याटिङमा संघर्ष गर्दै भारत

**काठमाडौं–** करुण नैरको अर्धशतकका कारण भारतले इंग्ल्यान्डसँगको पाँचौं तथा अन्तिम टेस्टमा मध्यम स्कोर खडा गर्ने सम्भावना देखिएको छ। १५३ रनमा ६ विकेट गुमाएको भारतका लागि वासिङ्टन सुन्दर र नैरले सातौं विकेटका लागि अविजित ५१ रनको साझेदारी गरेका छन्।

दोस्रो दिन शुक्रबार नैरले ५२ तथा सुन्दरले १९ रनबाट खेल्न सुरु गर्ने छन्।

इंग्ल्यान्डविरुद्ध कमजोर देखिएको भारतको ब्याटिङ लाइनमा ६ विकेट जाँदासम्म एउटा मात्र अर्धशतक बन्न सकेको हो। ओपनर यशस्वी जैसवाल २ रनमा आउट हुँदा केएल राहुलले १४ रन जोडे। शाही सुदर्शनले १०८ बलको सामना गरेर ३८ रन बनाउँदा कप्तान शुभमन गिल ३५ बलमा २१ रन जोड्दै रन आउट भए। ध्रुव जुरेलले १९ रन बनाए भने रविन्द्र जडेजा ९ रनमै आउट भए।

इङ्ग्याल्यान्डका जोस एटकिन्सन र जोस टङ्गले समान २ विकेट लिएका छन्। *एजेन्सी*

# नेपाल ओलम्पिक कमिटीको तदर्थ समिति गठन गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल ओलम्पिक कमिटी (एनओसी) को तदर्थ समिति गठन गरिने भएको छ।

युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले शुक्रबार एक वर्षको कार्य विवरण सार्वजनिक गर्दै उक्त कुरा बताएका हुन्। सरकारले अवैध घोषणा गरेको एनओसीको वर्तमान कार्यसमितिलाई विगठन गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार निर्देशन दिएका थिए। उक्त निर्देशनलाई गम्भीरताका साथ लिँदै चौधरीले तदर्थ समिति गठन गर्न लागेका हुन्।

उनले एनओसीमा आबद्ध २७ मध्ये २२ खेल संघका पदाधिकारीले मन्त्रालयमा निवेदन दिएको बताए। त्यसलाई बहुमत मान्दै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओलम्पिक काउन्सिल एसिया (ओसिए) लाई जानकारी गराएको उनले जानकारी दिए।



उनले भने, '२२ वटा संघले हामी एनओसीको तदर्थ संघ गठन गर्दैछौं भनेर भनेपछि हामीले आईओसी र ओसिएमा परराष्ट्र मार्फत पत्र पठाएको हौं।' वर्तमान एनओसी कार्यसमितिले राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधि अघि बढाएपछि चौधरी २२ भन्दा बढी खेल संघका पदाधिकारीसहित ओलीलाई भेट्न आइतबार प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए।

ओलीले एनओसीको सुरुआती दर्ता प्रकृयामै त्रुटि रहेको उल्लेख गर्दै नयाँ दर्ता गरेर अघि बढ्न सुझाएका थिए। जबर्जस्ती विधान संशोधन गरेर सरकार, अदालत र तत्कालन समयमा आइओसीको निर्देशनलाई बेवास्ता गर्दै जीवनराम श्रेष्ठले एनओसीको निर्वाचन गराएका थिए।

ओलम्पिकको सदस्यताका लागि अदालत पुगेका पाँच खेल संघलाई ओसिएका जनरल डिरेक्टर क्याप्टेन हुसेनबाट दबाब दिएर श्रेष्ठले मुद्दा फिर्ता लिन लगाएका थिए। ओलम्पिक चुनावको विषयमा अदालत गुहारेको नेपाल घोडचढी संघले अझै मुद्दा फिर्ता लिएको छैन। अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा ओसिएका जनरल डिरेक्टर क्याप्टेन हुसेनको आडमा श्रेष्ठले अन्तर्राष्ट्रिय मान्यता आफूले पाएको दाबी गर्दै आएका छन्।

सरकारले भने श्रेष्ठ नेतृत्वको कार्यसमितिलाई अवैध घोषणा गरेर एनओसीको केन्द्रीय कार्यालय बन्द गराएको छ भने एनओसीको बैंक खाता रोक्कादेखि ओलम्पिकका पदाधिकारीको अन्तर्राष्ट्रिय भ्रमणमा प्रतिबन्ध लगाएको छ।

सरकारको कारबाहीका बाबजुद श्रेष्ठसहितका केही पदाधिकारी भारतको बाटो प्रयोग गरेर अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुने गरेका छन्। विदेश जान भारतीय बाटो प्रयोग गर्ने गरेका श्रेष्ठसहितको वर्तमान कार्यसमितिका केही पदाधिकारीले नेपालको आधिकारिक ओलम्पिक कमिटीको रूपमा भ्रम सिर्जना गर्न खोजेर नेपाल सरकारलाई चुनौती दिने गरेको आरोप लाग्ने गरेको छ।

# दर्जनौं देशमाथि कर लगाउने ट्रम्पको आदेश



**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार दर्जनौं व्यापारिक साझेदार हरूमा पुनः कर लगाउने आदेश दिएका छन् । यो अमेरिकी अर्थतन्त्रलाई फाइदा पुऱ्याउन विश्वव्यापी व्यापार पुनर्निर्माण गर्ने उनको मुख्य रणनीति हो ।

तथापि, थप वार्ताको ढोका खुला राख्ने एक सानो राहतमा ह्वाइट हाउसले यी उपायहरू पहिले अपेक्षा गरिएझैं शुक्रबार नभएर एक साताभित्र लागू हुने बताएको छ । यी करहरू कच्चा आर्थिक शक्तिको प्रदर्शन हुन् जसलाई ट्रम्पले अमेरिकी निर्यातकर्ताहरूलाई बलियो स्थितिमा राख्ने र विदेशी आयातलाई बाहिर राखेर घरेलु उत्पादनलाई प्रोत्साहन दिने भनेर हेर्छन् ।

तर बलियो दृष्टिकोणले विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रमा मुद्रास्फीति र अन्य नकारात्मक प्रभावको डर बढाएको छ । साथै युरोपेली संघ (इयू) र जापानसहितका द्विपक्षीय व्यापार सम्झौताको प्रभावकारितामाथि प्रश्नहरू झुण्डिरहँदा ट्रम्पको योजनाको नतिजा अनिश्चित रहेको छ । कार्यकारी आदेशमा ट्रम्पको नयाँ उपायहरूले अप्रिलमा अनुचित व्यापारिक अभ्यासहरूको हवाला दिएर 'पारस्परिक' भन्सार शुल्क सुरु गर्दा लगाइएको हालको १० प्रतिशत स्तरबाट झण्डै ७० अर्थतन्त्रमा कर बढाउँछ । व्यापारिक साझेदार अनुसार फरक-फरक हुने करका उच्च स्तरहरू ४१ प्रतिशतसम्म हुन्छन् ।

ट्रम्पले अप्रिलमा धम्की दिइएका केही करका स्तरहरू पनि समायोजन गरे । स्विट्जरल्याण्डले अब उच्च ३९ प्रतिशत भन्सार शुल्क र थाइल्याण्डले कम १९ प्रतिशत दरको सामना गर्नुपर्ने छ । ताइवानी उत्पादनहरूमा भन्सार शुल्क २० प्रतिशतमा संशोधन गरियो, तर यसका राष्ट्रपति लाइ चिङ-तेले अझ कम स्तर खोज्ने वाचा गरेका छन् ।

ट्रम्पले क्यानाडाली सामानहरूमा छुट्टै ३५ प्रतिशत कर बढाएका छन् । यद्यपि, एनबिसीको अन्तर्वार्तामा उनले थप वार्ताका लागि खुला रहेको संकेत गरे । क्यानाडा र मेक्सिकोले छुट्टै भन्सार शुल्क व्यवस्थाको सामना गर्छन् । तर उत्तर अमेरिकी व्यापार सम्झौताअन्तर्गत संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने आयातका लागि छुटहरू कायम छन् ।

'यसमा कुनै शंका छैन- विगत केही महिनामा सम्पन्न भएको कार्यकारी आदेश र सम्बन्धित सम्झौताहरूले दोस्रो विश्वयुद्धदेखि अन्तर्राष्ट्रिय व्यापारलाई नियन्त्रण गर्ने व्यापार नियम पुस्तकलाई धुजाधुजा पारेको छ,' एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका वरिष्ठ उपाध्यक्ष वेण्डी कटलरले भने, 'हाम्रा साझेदारहरूले संयुक्त राज्य अमेरिकाविना यसलाई संरक्षण गर्न सक्छन् कि सक्दैनन् भन्ने खुला प्रश्न हो ।'

### उन्मत्त वार्ता

नयाँ कर्तव्य र साझेदारहरूसँगको सम्झौताको घोषणाका साथसाथै वार्ताको उन्मत्त शृंखलाको बीचमा वासिङ्टनले दुईपटक उनीहरूको कार्यान्वयन स्थगित गरेपछि बढाइएका भन्सार शुल्कहरू आएको हो । बिहीबारमात्रै ट्रम्पले विद्यमान छुटसहित २५ प्रतिशतको स्तर कायम राख्दै मेक्सिकोका उत्पादनहरूमा भन्सार शुल्क वृद्धि गर्न ढिलाइ गरिरहेको घोषणा गरे । उनका समकक्षी क्लाउडिया सेनबामसँगको वार्तापछि ९० दिनको स्थगन भएको थियो ।

७९ वर्षीय रिपब्लिकन ट्रम्पले आफ्नो संरक्षणवादी ब्राण्डको कडा-दक्षिणपन्थी राजनीतिमा भन्सार शुल्कलाई मुख्य भाग बनाएका छन् । बिहीबार, उनले अमेरिकी अर्थतन्त्रमा शुल्कविना 'बाँच्ने वा सफल हुने कुनै सम्भावना छैन' भनी दाबी गरे । तर पछिल्लो आक्रमण ट्रम्पको आपात्कालीन आर्थिक शक्तिको प्रयोग विरुद्ध कानूनी चुनौतीहरूको बीचमा आएको छ । तल्लो अदालतले राष्ट्रपतिले आफ्नो अधिकार नाघेको भनेपछि अमेरिकी पुनरावेदन अदालतले बिहीबार विभिन्न देशलाई लक्षित गर्ने ट्रम्पको व्यापक भन्सार शुल्कहरू विरुद्धका मुद्दाहरूमा तर्कहरू सुनेको थियो ।

ट्रम्पले यस वर्ष भन्सार राजस्वमा वृद्धि भएको बताएका छन् भने अर्थशास्त्रीहरूले भन्सार शुल्कले मुद्रास्फीति बढाउन सक्ने चेतावनी दिएका छन् । उनको नीतिका समर्थकहरूले तिनीहरूको प्रभाव एक पटकको मात्र हुने तर्क गर्छन् तर विश्लेषकहरू थप स्थायी प्रभावहरू मापन गर्न थप आँकडाको प्रतीक्षा गरिरहेका छन् ।

### चीन प्रश्न चिह्न

वासिङ्टनसँग उच्च धम्कीपूर्ण भन्सार शुल्कबाट बच्नका लागि सम्झौता गर्न सफल भएका देशहरू भियतनाम, जापान, इण्डोनेसिया, फिलिपिन्स, दक्षिण कोरिया र इयू थिए । बेलायत पनि संयुक्त राज्य अमेरिकासँग एउटा सम्झौतामा पुगेको थियो । यद्यपि, बेलायतलाई सुरुमा उच्च 'पारस्परिक' भन्सार शुल्कहरूद्वारा लक्षित गरिएको थिएन ।

